राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ३६, चैत २७ गते शुक्रबार, २०८२ (10 April, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# बादलको अभिव्यक्तिले एमालेमै बबण्डर

## 'धङधडी छाड्न नसकेको' र 'अवसरवादीहरू उदाङ्गिएको' भन्दै नेताहरूबीच आरोप-प्रत्यारोप

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** गतसाता एमाले कार्यबाहक अध्यक्ष एवम् संसदीय दलको नेताका हैसियतले पूर्वमाओवादी नेता रामबहादुर थापा 'बादल' ले नवगठित प्रतिनिधिसभाको पहिलो बैठकमा दिएको अभिव्यक्तिले एमाले वृत्तभित्रै बबण्डर मच्चिएको छ ।

एमाले नेताहरू विष्णुप्रसाद पौडेल, सुरेन्द्र पाण्डे, योगेशकुमार भट्टराईलगायतले बादल 'पुरानो धङधडीबाट बाहिर निस्कन नसेकेको' आरोप लगाउँदै बादलका अभिव्यक्ति एमालेजस्तो पार्टीका निम्ति शोभनीय, पाच्य र नीतिअनुकूल नभएको बताएका छन् ।



स्वयम् बादल र उनको अभिव्यक्तिका समर्थक एमाले नेता-कार्यकर्ताहरूले नेतृत्वको लाइन अनुरूप गृहकार्य गरेरै बोलिएको विषयमा विरोध गरेर 'पार्टीभित्र घुसेका अवसरवादी-हरूले आफैंलाई उदाङ्ग्याएको' आरोप लगाएका छन् । उसो त भर्खरै राजनीतिमा छिरेका सुहाङ नेम्बाङलाई संसदीय दलको नेता बनाउने भन्दै अत्यन्तै केटाकेटी पाराले राजनीतिलाई धमिल्याउन र नेताहरूलाई थप खुइल्याउन उद्दत केही व्यक्तिहरूले कार्यवाहक अध्यक्ष बादल संसदीय दलको नेता चयन भएसँगै चियाको कपमा आँधी ल्याउने प्रयास थालिसकेका थिए । त्यसै विषयलाई लिएर केही स्थानमा हुलदङ्गा गर्नुका साथै सार्वजनिक रूपमै आरोप-प्रत्यारोपमा उत्रिएका कतिपय नेताहरूलाई संसदको पहिलो बैठकमा थापाले उठाएका विषयवस्तुले राम्रो बहाना दिँदै मलजल गरेको छ ।

संसदको पहिलो बैठकमा 'जेन-जी प्रदर्शन' को आवरणमा भदौ २३ र २४ मा मच्चाइएको बर्बरतापूर्ण विध्वंसलाई ढाकछोप गरी विपक्षी शक्तिहरूलाई दमन गर्ने नियतका साथ गठन गरिएको पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगको 'प्रतिवेदन' र तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरिएको विरोधमा व्यङ्ग्यात्मक शैलीबाट

क्रमशः अन्तिम पृष्ठमा

# पूर्वसभामुख महराविरुद्ध फेरि 'मुद्दा'

**काठमाडौं ।** विश्वभरका कमजोर एवम् गरिब राष्ट्रहरूलाई थोरथोरै 'चारो' छरिदिएर ती देशमा आफ्नो अखडा जमाउने अनि तिनै अखडाहरूमा अड्डा जमाएर अरु बलिया राष्ट्रहरूमाथि जाइलाग्ने घोषित नीति र उद्देश्यका साथ अमेरिकी सरकारले अघि बढाएको रणनीतिक कार्यक्रम 'एमसीसी' लाई नेपालको सङ्घीय संसदबाट दुईतिहाइ बहुमतका साथ पारित गराउने दुस्प्रयासमा बाधक बनेका प्रतिनिधिसभाका तत्कालीन सभामुख एवम् वरिष्ठतममध्येका एक माओवादी नेता कृष्णबहादुर महराको निरन्तर तेजोबध गर्दै नैतिक, राजनीतिक, सामाजिक र भौतिक हिसाबले नै सिध्याउने घृणित प्रपञ्च अझै रोकिएको छैन ।

पटक-पटकका अनुसन्धान, फसाइराख्न अपनाइएका अनेकौं हतकण्डा र जगत् नै हाँस्ने गरी बारम्बार दोहोऱ्याउँदै लगाइएका अनेकौं लाञ्छना, आरोप र कपोलकल्पित मुद्दाहरूमा कहींकतैबाट प्रमाण पुग्न नसकेपछि विगतमा तीन पटकसम्म पक्राउ परेर पनि सफाइ पाएका र निरन्तर दुःख खेपेर छुट्दै आएका महरालाई केहीवर्ष यताका सवैजसो 'नयाँ' सरकारहरूले आफ्नो प्रारम्भिक 'पौरख' देखाउने माध्यम वा पात्र बनाउँदै आएका छन् । माओवादी विभाजित भएर मोहन वैद्य 'किरण', सीपी गजुरेल 'गौरव' र डा. बाबुराम भट्टराईहरू प्रचण्डको साथबाट अलग्गिएसँगै स्वाभाविक रूपले प्रचण्डपछिको निर्विकल्प दोस्रो नेताका रूपमा स्वतः स्थापित हुने महरालाई सिध्याउन सक्दा आफू 'नेता' भइने कुत्सित मनशायका साथ कतिपय माओवादी नेताहरू नै समेत पनि महरा सिध्याउने प्रपञ्चको प्रत्यक्ष-परोक्ष माध्यम वा सहयोगी बन्न पुगेको यथार्थ बुझ्न पनि त्यति धेरै कठिन छैन ।

भदौ २३-२४ को प्रायोजित विध्वंस र त्यसैको पृष्ठभूमि एवम् निरन्तरताका रूपमा मञ्चन गरिएको २१ फागुनको चुनावमार्फत 'विजयी' गराइएका तत्त्वहरूको वर्तमान सरकारले पनि 'काम' को थालनीसँगै उनै महराविरुद्ध चौथो पटक मुद्दाको भारी बोकाइदिने जमर्को गरेको छ । तथाकथित इलेक्ट्रिक चुरोट 'भेप' मार्फत 'सुन तस्करी गरे' भनिएको प्रकरणमा महरासहित २९ जनाविरुद्ध विशेष अदालतमा पछिल्लो पटक बिहीबार मुद्दा दायर गराइएको हो ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बिहीबार विशेष अदालतमा चौथो पटक मुद्दा दायर गरेको छ । अख्तियारले उक्त मुद्दामा ७ करोड ७८ लाख ६८ हजार ९५ रूपैयाँ बराबरको सरकारी सम्पत्ति हिनामिना भएको दावी गरेको छ । सोही मुद्दामा अख्तियारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयका तत्कालीन प्रमुख अरुण पोखरेल, प्रमुख भन्सार अधिकृतद्वय मुक्तिप्रसाद श्रेष्ठ, अम्बिकाप्रसाद खनाल, भन्सार अधिकृतद्वय रमेशकुमार खतिवडा र सुबेन्द्र श्रेष्ठ, नायव सुब्बा सुवर्णप्रभा केसी, भुवनराज घिमिरे, उमेशप्रसाद कोइराला, रेवन्त खड्का र मधुसुदन पोखेल समेतलाई प्रतिवादी बनाएको छ । अख्तियारले 'भेपजस्तो देखिने वस्तुमा पहेंलो धातु सुन लुकाएर ल्याएको भन्ने थाहा भएको कारण एक्स-रे मेसिनले जाँचको क्रममा स्पष्ट अर्गानिक र इनअर्गानिक मटेरियल छुट्याउन सक्ने, सुनचाँदी लगायतका धातु तथा सोबाट तयार भएका गहना लगायतका सामग्री बाक्लो अवस्थाको आधारमा नीलो, गाढा नीलो र कालो रङ देखाउने र त्यस्तो देखिएमा भौतिक रूपमा खोली हेरी चेकजाँच गर्नुपर्ने तथा भन्सार ऐन विपरीत हुने उक्त सामग्री चेकजाँच नै नगरी-नगराई पछि अनुकूल

क्रमशः अन्तिम पृष्ठमा

# निर्वाचनपछि सिन्धुली : विद्रोहदेखि समाजवादी कार्यदिशातर्फ

**समय- सन्देश**

हरिबोल गजुरेल

संघीय निर्वाचनपछिको प्रारम्भिक समीक्षाका क्रममा हामी रौतहट हुँदै सिन्धुली पुग्यौं । रौतहटमा सिन्धुली-२ मा जिल्ला कार्यदलबाट अगाडि सारिएका विद्रोही उम्मेदवारको पक्षमा खुलेर ऐक्यबद्धता जनाउने कमरेडहरूसँगको भेट औपचारिक मात्र थिएन; त्यो गहिरो आत्मीयताको अभिव्यक्ति थियो ।

सिन्धुलीका विद्रोही कमरेडहरूसँगको संवादमा देखिएको दृढता उल्लेखनीय थियो । उनीहरू सतिसालझैं अडिग थिए । उनीहरूले केवल व्यक्तिगत साहस मात्र प्रदर्शन गरेनन्, आन्दोलनभित्र विकसित ऐतिहासिक चेतनाको पनि सशक्त अभिव्यक्ति दिए । त्यहाँको भेटघाट केवल औपचारिक थिएन, विद्रोहको जनस्तरीय स्वीकारोक्ति र प्रतिबद्धताको सशक्त संकेत थियो ।

संस्थापन पक्षले जिल्ला सेक्रेटरी कमरेड विनोद विकलाई बैठकमा आमन्त्रण गरी गरिएको दुर्व्यवहारप्रति उत्पन्न आक्रोश स्वाभाविक रूपमा तीव्र बन्यो । बुद्धिमान माझी (वसन्त), दीर्घराज श्रेष्ठ र पानीराज बम्जनलगायत १४ जना कमरेडमाथि कारवाहीको सिफारिस भएको घटनाले संगठनभित्र गहिरिँदै गएको संकटलाई उजागर मात्र गरेन, आगोमा घिउ थप्ने काम गऱ्यो ।

सिन्धुलीमा देखिएको विद्रोह आकस्मिक प्रतिक्रिया होइन । यो लामो समयदेखि थिचिँदै आएको असन्तुष्टिको विस्फोट हो । यसका जरा संगठनभित्र जनवादी केन्द्रीयताको क्षयिकरण, विचार-नीति-व्यवहारबीचको बढ्दो अन्तर र नेतृत्वको वैधतामाथि देखिएको संकटसम्म पुगेको छ । प्रचण्डमा रूपान्तरण सम्भव छ वा छैन भन्ने कुरा सिन्धुलीको अन्तरसंघर्षको पटाक्षेपले नै निर्धारण गर्छ भन्ने हाम्रो साझा बुझाइ तथ्यमा आधारित रहेको पुष्टि भयो ।

विगत तीन वर्षदेखि अग्रज कमरेडहरूबीच हुँदै आएको विचार-विमर्शले यसप्रकारका गैरसर्वहारा प्रवृत्ति विरुद्ध संघर्षको बीउ रोपेको थियो । जुन सोचे अनुरूप नै मूलतः सफल भईसकेको छ । यसअर्थमा, यो विद्रोह केवल असन्तुष्टि होइन, यो वैचारिक पुनर्संरचनाको

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- ३६, चैत २७ गते शुक्रबार, २०८२

## सम्पादकीय

# अधुरो क्रान्तिको भयंकर दुष्प्रभाव

मुलुकमा अहिले जुन राजनीतिक सङ्कट, अन्योल र अस्तव्यस्तता विद्यमान छ र अझ भनौं- तत्काल क्रान्ति त हुँदैन नै, यथास्थिति पनि कायम नरहेर प्रतिक्रान्ति हुने सम्भावनाको सन्त्रास छ। यसो हुनुको मुख्य कारण नै हालसम्म अधुरै रहेको क्रान्तिकारी प्रक्रिया वा क्रान्तिको अपूर्णता नै हो। र, यसो हुनुको थप कारण भनेको मुख्य परिवर्तनकारी शक्ति र पक्षहरूको अकर्मण्यता, विचलन र स्खलन नै हो।

२०४६ को राजनीतिक परिवर्तनपछि नेपाल अधिराज्यको संविधान, २०४७ जारी हुँदा तत्कालीन मुख्य वामपन्थी घटक एमालेले त्यसलाई 'आलोचनात्मक समर्थन' गरेर 'आंशिक समर्थन' मात्रै गऱ्यो; त्यसप्रति पूर्ण वफादारिता र निर्भरता दर्शाएन। तर, उसले कहिल्यै उक्त संविधानको अग्रगामी एवम् रूपान्तरणकारी संशोधन, परिष्कार र परिमार्जनका निम्ति पहल गरेन; जस्ताको तस्तै कार्यान्वयनमा भूमिका खेलिरह्यो। त्यसैगरी, संविधानसभाबाट जारी भएको नेपालको संविधान, २०७२ लाई पछिल्लो परिवर्तनकारी मुख्य शक्ति माओवादीले 'नोट अफ डिसेन्ट' सहित स्वीकार गऱ्यो। अर्थात्, यो संविधानलाई माओवादीले पनि 'आलोचनात्मक समर्थन' अथवा 'आंशिक समर्थन' मात्रै गऱ्यो। तर, उसले पनि त्यसयता वर्तमान संविधानको क्रान्तिकारी वा अग्रगामी पुनर्लेखन, संशोधन वा परिष्कार-परिमार्जनतर्फ खासै प्रभावकारी प्रयास गरेन; जस्ताको तस्तै लागू गर्नमा मात्र सीमित रह्यो।

अतः न ०४६ सालको परिवर्तनले पूर्णता पाउन सक्यो, न त दसवर्षे जनयुद्धमार्फत अघि बढाइएको क्रान्तिले नै पूर्णता पायो। बरु साम्राज्यवादी तत्त्वहरूले कांग्रेस-कम्युनिस्ट दुवै नालायक हुन्, यिनको विकल्प अपरिहार्य छ भनेर मुलुक र जनतालाई प्रतिक्रान्तिको अन्धकारतर्फ धकेल्ने अवसर प्राप्त गरे। यसतर्फ सम्बन्धितहरूको गम्भीर ध्यानाकर्षण र तदनुरूपको पहल नै यतिबेलाको प्रमुख राजनीतिक कर्तव्य हो।

## निर्वाचनपछि सिन्धुली...

प्रारम्भिक अभिव्यक्ति हो। त्यसैले यसलाई समाजवादी कार्यदिशाको विकास र कार्यान्वयनसँग जोडिएको ऐतिहासिक आवश्यकताका रूपमा बुझ्नुपर्छ।

यस विद्रोहमा रौतहटका कमरेडहरूले जोखिम मोलेर देखाएको भौतिक तथा नैतिक ऐक्यबद्धता र झापाबाट आएका समर्थनका स्वरहरूले स्पष्ट सन्देश दिन्छन्- यो केवल एउटा जिल्लाको असन्तुष्टि होइन; माओवादी आन्दोलनभित्र विकसित व्यापक वैचारिक द्वन्द्वको संगठित अभिव्यक्ति हो।

निर्वाचनकै क्रममा सिन्धुली पुगेका पूर्वका एकजना माओवादी नेताले भनेका थिए, 'सिन्धुली पूर्वको आस्थाको केन्द्र हो, संयोग मात्र होइन।' यो अभिव्यक्तिले गहिरो ऐतिहासिक यथार्थलाई संकेत गर्छ। यसले देखाउँछ कि सिन्धुली केवल विकसित भौगोलिक क्षेत्रका रूपमा मात्र नभई, आन्दोलनको वैचारिक उर्जा उत्पादन गर्ने केन्द्रको रूपमा पुनः उदाउँदैछ।

जनयुद्धकालमा 'पूर्वको रोल्पा' का रूपमा चिनिएको सिन्धुलीले त्यतिबेला प्रतीकात्मक भूमिका खेलेको थियो; आज फेरि समाजवादी कार्यदिशाको कार्यान्वयनका लागि नयाँ पहिचानसहित त्यही ऐतिहासिक भूमिकातर्फ गुणात्मक रूपमा फर्किंदै गरेको संकेत देखिन्छ। यो पुनरावृत्ति मात्र होइन, रूपान्तरणको सम्भावना हो।

आजको यथार्थ के हो भने जनचेतना अब केवल भावनात्मक नारामा सीमित छैन। यो अनुभव, परिणाम र नेतृत्वप्रतिको विश्वासमा आधारित बन्दै गएको छ। रौतहटको सक्रियता, झापाको चिन्ता र सिन्धुलीको विद्रोह, यी तीन धारा मिलेर आन्दोलनभित्र नयाँ वैचारिक पुनर्संयोजनको संकेत गर्छन्।

रौतहट, झापा र सिन्धुली केवल भौगोलिक एकाइ होइनन्; यी कम्युनिस्ट आन्दोलनका ऐतिहासिक प्रतीक हुन्। जब यस्ता प्रतीकहरू चेतन रूपमा व्यवहारमा प्रकट हुन्छन्, तब नयाँ शक्ति निर्माणको प्रक्रिया सुरु हुने आधार तयार हुन्छन्। त्यसैले यी क्षेत्रहरूको पुनः सक्रियता स्वयंमा आन्दोलनले नयाँ दिशा लिन सक्ने संकेत हो।

अब मुख्य प्रश्न कार्यदिशाको हो। यदि यस विद्रोहलाई केवल संगठनात्मक वा कार्यशैलीगत असन्तुष्टिमा सीमित गरियो भने यो क्षणिक घटना बनेर हराउनेछ। तर यसलाई संगठित, वैचारिक र लक्ष्यनिष्ठ आन्दोलनमा रूपान्तरण गर्न सकियो भने, यसले नयाँ समाजवादी धाराको ठोस आधार निर्माण गर्न सक्छ।

### आगामी कार्ययोजना

आगामी कार्ययोजनाका लागि रणनीतिक लक्ष्य र कार्यान्वयनका उपायहरू निर्दिष्ट गर्नु पर्नेछ। यसलाई निम्नगरी लिपिवद्ध गर्न सकिन्छ। आगामी कार्ययोजनालाई स्थानीय विद्रोहलाई राष्ट्रिय स्तरको वैचारिक-संगठनात्मक आन्दोलनमा रूपान्तरण गर्ने। व्यक्तिवादी तथा स्वेच्छाचारी निर्णय प्रक्रियाविरुद्ध वैचारिक संघर्षलाई तीव्र बनाउने। इतिहासका छुटेका कडीहरूलाई पुनः जोड्दै नयाँ समाजवादी धारा निर्माण गर्ने।

त्यस्तै, कार्यान्वयनका उपायहरूमा केन्द्रीय वैचारिक मञ्च निर्माण गर्ने, जहाँ बहस, नीति निर्माण र संगठनात्मक समन्वय एकीकृत रूपमा अघि बढ्न सकोस्। भुइँतहमा जनसम्बन्धमा आधारित, उत्पादन-केन्द्रित र आत्मनिर्भर संगठन निर्माण गर्ने। जनयुद्धको प्रत्यक्ष अनुभव नभएको नयाँ पुस्तालाई केन्द्रमा राखेर आन्दोलनको पुनर्संरचना गर्ने। जोड-घटाउमा आधारित, व्यक्तिगत स्वार्थकेन्द्रित ध्रुवीकरण र एकता अब असफल भइसकेका छन्। कम्युनिस्ट आन्दोलन तिव्र गतिमा विघटोन्मुख छ। अब आवश्यक छ- स्पष्ट दृष्टि, वैचारिक प्रतिबद्धता र संगठनात्मक अनुशासनमा आधारित नयाँ आरम्भ अर्थात जगको निर्माण।

अब प्रश्न विकल्पको होइन, ऐतिहासिक जिम्मेवारीको हो। सही निर्णय लिन सकिएन भने इतिहासले केवल माफी नदिने मात्र होइन हामीलाई नै अस्वीकार गर्ने निश्चित छ। त्यसैले गम्भीरतापूर्वक आ-आफ्नो भूमिकामा खटौं।

# 'वैदेशिक षड्यन्त्र' को भाष्य : ढाकछोपको हतियार कि यथार्थता ?

**सामयिक समीक्षा**

महेश्वर ढकाल

नेपालको समकालीन राजनीतिमा सबैभन्दा बढी दोहोरिने शब्दावलीमध्ये एक हो- विदेशी शक्तिको षड्यन्त्र। सरकार ढल्दा, आन्दोलन चर्किंदा, संविधान संशोधनको बहस उठ्दा वा नेतृत्वमाथि प्रश्न उठ्दा यो शब्द सहजै प्रयोगमा आउँछ। तर प्रश्न उठ्छ, के वास्तवमै नेपाली राजनीतिका सबै उतार-चढाव विदेशी शक्ति योजनाका उपज हुन् वा यो शब्द आन्तरिक असफलता ढाकछोप गर्ने स्वाभाविक आवरण मात्र हो ?

नेपालको भूराजनीतिक अवस्थालाई नबुझी यो प्रश्नको उत्तर खोज्नु सम्भव छैन। दुई विशाल शक्ति भारत र चीनबीच अवस्थित नेपाल भौगोलिक रूपमा मात्र होइन, रणनीतिक रूपमा पनि अत्यन्त संवेदनशील देश हो।

दक्षिण एसियाको सुरक्षा संरचना, हिन्द-प्रशान्त रणनीति, 'बेल्ट एन्ड रोड इनिसिएटभ' जस्ता शक्ति राष्ट्रहरूका परियोजनाहरूका बाछिटाहरूले सजिलै भेटाउने स्थानमा रहेको नेपाल स्वाभाविक रूपमा अन्तर्राष्ट्रिय चासोको केन्द्रमा पर्छ। यस अर्थमा नेपालमा विदेशी चासो हुनु स्वाभाविक हो।

तर, चासो हुनु र षड्यन्त्र हुनु एउटै कुरा होइनन्। यो कुरा बुझ्न नसक्नु नै नेपाली राजनीतिक बहसको मूल समस्या हो। अन्तर्राष्ट्रिय सम्बन्धमा प्रत्येक राज्यले आफ्नो राष्ट्रिय हितअनुसार व्यवहार गर्छ। विकास साझेदार वा शक्ति राष्ट्रहरूले नेपालमा रुचि देखाउनु अन्तर्राष्ट्रिय राजनीतिक तथा कूटनीतिक व्यवहारको सामान्य प्रक्रिया हो। त्यसलाई स्वतः षड्यन्त्र ठहर गर्नु राजनीतिक विश्लेषणभन्दा बढी राजनीतिक नाराबाजी र स्टन्टबाजी मात्र हो।

वास्तविक समस्या त्यहाँ सुरु हुन्छ, जहाँ नेपाली राजनीतिक नेतृत्व आफ्नो निर्णय क्षमतामा असफल हुन्छ। जब नीति निर्माण स्पष्ट हुँदैन, राष्ट्रिय प्राथमिकता तय गरिँदैन र संस्थागत क्षमता कमजोर रहन्छ, तब बाह्य प्रभाव प्रवेश गर्न सजिलो हुन्छ। यस्तो अवस्थामा विदेशी शक्तिलाई दोष दिनु भनेको आफ्नो कमजोरी देखाउन र आत्मसमिक्षा गर्न नचाहने प्रवृत्तिको निरन्तरता मात्र हुन्छ।

नेपालमा सरकार ढल्दा वा प्रधानमन्त्री परिवर्तन हुँदा, दल विभाजन हुँदा वा सत्ता समीकरण फेरिँदा 'फलानो देशको हस्तक्षेप' को चर्चा हुनु वा कुनै न कुनै दूतावासको नाम जोडिनु सामान्य जस्तै भइसकेको छ। इतिहास हेर्ने हो भने पनि 'विदेशी षड्यन्त्र' भन्ने भाष्य प्रायः सत्ताको रक्षा, विपक्षलाई कमजोर पार्न वा जनआक्रोश मोड्न प्रयोग हुँदै आएको देखिन्छ। तर यथार्थमा ती घटनाहरूको जरो धेरैजसो आन्तरिक शक्ति संघर्ष, नेतृत्वको अदूरदर्शिता र संस्थागत कमजोरीमै गाडिएको पाइन्छ। नेपाली राजनीतिमा विदेशी शक्तिको षड्यन्त्रको भाष्य आकस्मिक रूपमा विकसित भएको होइन, बरु यसका जरा नेपाल एकीकरणको प्रारम्भिक चरणदेखि नै फैलिएका देखिन्छन्।

दक्षिणमा ब्रिटिस इस्ट इन्डिया कम्पनी र उत्तरमा साम्राज्यवादी चिनियाँ प्रभावबीच सन्तुलनमा राख्नुपर्ने भू-राजनीतिक यथार्थतासँगै विभिन्न कालखण्डमा घटेका घटनाहरूको बहससँगै यो भाष्य पनि बलियो बन्दै गयो। दरावरभित्रको राजनीति, राणा शासनकाल, प्रजातन्त्र प्राप्तिको आन्दोलन, पञ्चायती व्यवस्था हुँदै विदेशी शक्तिको षड्यन्त्र भन्ने भाष्य नेपाली राजनीतिक वृत्तमा झनै सर्वव्यापी र प्रभावशाली बन्दै गएको ऐतिहासिक पृष्ठभूमि देखिन्छ।

पञ्चायती व्यवस्थाको पतनपछि तत्कालै उठेको प्रश्न थियो के बहुदलीय प्रजातन्त्र स्थापना गर्न सफल यो आन्दोलन पूर्णतः आन्तरिक थियो, कि बाह्य शक्तिको सहायताले सम्भव भयो ? भारतको तत्कालीन राजनीतिक परिवेश, सीमावर्ती गतिविधि र कूटनीतिक सक्रियतालाई देखाउँदै कतिपयले ०४६ को परिवर्तनलाई पनि 'विदेशी डिजाइन' का रूपमा व्याख्या गरे। तर, यथार्थमा भन्ने हो भने तीन दशक लामो दमन, राजनीतिक निषेध र व्यापक जनअसन्तुष्टि नै आन्दोलनको मूल इन्धन थियो।

प्रजातन्त्रको मेलो समात्न नजान्दा स्वतन्त्रता प्राप्तिको ६ वर्ष पुग्दा नपुग्दै सुरु भएको माओवादीको दश वर्षे सशस्त्र द्वन्द्व क्रममा 'विदेशी शक्तिको षड्यन्त्र' भन्ने शब्द सबैभन्दा बढी प्रयोगमा आयो। कहिले भारतको संरक्षणको आरोप त कहिले पश्चिमा शक्तिको 'राज्य अस्थिर बनाउने रणनीति' को कथा। तर, द्वन्द्वको जड भने गहिरो सामाजिक-आर्थिक असमानता, राज्यशक्ति र स्रोतको केन्द्रिकरण, राजनीतिक उपेक्षा आदिमा गाडिएको थियो। तर विदेशी भूमिकाको बहसले द्वन्द्व समाधान त गरेन बरु राज्यको नीतिगत असफलता ढाक्ने काम चाहिँ गऱ्यो।

फेरि ०६२/०६३ को जनआन्दोलनले ल्याएको परिवर्तनपछि संविधान निर्माण प्रक्रिया सुरु हुँदा पनि 'विदेशी षड्यन्त्र र चलखेल' को आरोप निरन्तर चलिरह्यो। त्यो क्रम ०७२ सालको संविधान जारी हुँदा, एमसीसी सम्झौता लगायत अन्य विभिन्न घटनाक्रम हुँदै हालैको जेनजी आन्दोलनको व्याख्यासम्मै जारी छ।

सामाजिक सञ्जालबाट सुरु भएको जेनजी पुस्ताको असन्तुष्टि सडकमा आयो, सत्तालाई प्रश्न गऱ्यो र स्थापित राजनीतिक नेतृत्वलाई नै विस्थापित बनाइदियो। तर युवा पुस्ताको असन्तोषलाई बुझ्ने भन्दा पनि त्यसको स्रोत बाहिर खोज्ने प्रवृत्ति यसपटक पनि दोहोरियो। सामाजिक सञ्जालमा उठेका प्रश्नलाई 'डिजिटल म्यानिपुलेसन', 'एनजीओ नेटवर्क' वा 'बाह्य एजेन्डा' सँग जोड्ने प्रयास भए। आन्दोलन किन उठ्यो भन्ने भन्दा पनि कसले उचाल्यो भन्ने बहस हाबी भयो।

भूराजनीतिक यथार्थ यहाँ पनि सान्दर्भिक छ। सामाजिक सञ्जाल र अन्तर्राष्ट्रिय प्रवृत्तिले युवाहरूको सोचमा प्रभाव पार्नु अस्वाभाविक होइन। तर त्यस प्रभावलाई षड्यन्त्र ठहर गर्नु भन्दा पनि राजनीतिक प्रणालीले किन यो पुस्तालाई आश्वस्त पार्न सकेन भन्ने प्रश्न गम्भीर छ। युवाको चेतनालाई बाह्य शक्तिको खेल ठान्नु, आफ्नो राजनीतिक असफलता स्वीकार गर्न नचाहनु मात्र हो।

अन्त्यमा एउटा सामान्य प्रश्न, नेपालमा विदेशी शक्ति बढी प्रभावशाली छ कि हाम्रो राज्य शक्ति बढी कमजोर ? यसको उत्तर मनैदेखि दिने हो भने वास्तविकता छर्लङ्गै हुन्छ। अतः बलियो नीति, स्पष्ट कूटनीति र संस्थागत राजनीति भए विदेशी चासो कुनै ठूलो चुनौती होइन, अवसर बन्न सक्छ। तर जब राज्य आफैं अनिर्णयमा अल्झिन्छ, तब 'षड्यन्त्र' शब्द सबैभन्दा सजिलो उत्तर बन्छ।

भूराजनीतिक यथार्थ स्वीकार गर्नु भनेको विदेशी शक्तिको प्रभाव स्विकार्नु कदापि होइन, बरु त्यसलाई सन्तुलनमा राख्ने क्षमता विकास गर्नु हो। समस्या त तब सुरु हुन्छ जब राजनीतिक दलहरू स्वयं विदेशी शक्ति प्रयोग गरेर आन्तरिक प्रतिद्वन्द्वि जित्न खोज्छन्, अनि असफल भएपछि 'षड्यन्त्र' को आरोप लगाउँछन्।

यसर्थ, नेपाली राजनीतिमा 'विदेशी शक्तिको षड्यन्त्र' भन्ने पदावलीलाई सत्यको अन्तिम व्याख्या होइन, की राजनीतिक भाषिक रणनीतिका रूपमा बुझ्न आवश्यक छ। यसले जनतालाई भावनात्मक रूपमा उत्तेजित त गर्छ, तर समस्याको समाधान गर्दैन। उल्टो, यसले राष्ट्रिय आत्मविश्वास कमजोर बनाउँछ र राजनीतिक जबाफदेहिताबाट नेतृत्वलाई मुक्त गरिदिन्छ।

आजको आवश्यकता विदेशी शक्तिलाई गाली गर्नु होइन, आफ्नो राज्य क्षमता बलियो बनाउनु हो। नीतिगत स्पष्टता, संस्थागत मजबुत, पारदर्शी तथा जिम्मेवार नेतृत्वमार्फत त्यो सम्भव पनि छ। जबसम्म नेपाली राजनीतिज्ञ तथा दलहरूले आफ्ना कमजोरी स्विकार्दैनन्, तबसम्म 'विदेशी षड्यन्त्र' भन्ने पदावली नेपाली राजनीतिमा बारम्बार यो वा त्यो बहानामा प्रयोग भइरहनेछ। -*रातोपाटी*बाट।

# ओली र लेखक हिरासतमुक्त

**काठमाडौं ।** प्रहरी हिरासतमा रहेका पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका नेता पूर्वगृहमन्त्री रमेश लेखक रिहा भएका छन् । गत भदौमा भएको 'जेन-जी' प्रदर्शनका क्रममा अत्याधिक र अनियन्त्रीत बल प्रयोग गरेको अभियोगमा पक्राउ परेका हुन् ।

तत्कालीन प्रधानमन्त्री ओली र गृहमन्त्री लेखक १३ दिनपछि रिहा भएका छन् । काठमाडौं जिल्ला प्रहरी परिसर प्रमुख रमेश थापाले अध्यक्ष ओली र नेता लेखकलाई हाजिर जमानीमा थुनामुक्त गरिएको जानकारी दिए । 'जेन-जी' आन्दोलनको घटनाको छानबिन गर्न गठित उच्चस्तरीय प्रतिवेदन कार्यान्वयन गर्ने सरकारको निर्णयका आधारमा नेपाल प्रहरीले अध्यक्ष ओलीलाई उनकै निवास भक्तपुरको गुण्डु र लेखकलाई उनको निवास कटुञ्जेबाट चैत १४ नियन्त्रणमा लिएको थियो ।

अध्यक्ष ओलीलाई उपचारका लागि महाराजगञ्जस्थि त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालमा राखिएको थियो । यसबीचमा अनुसन्धानका लागि जिल्ला अदालतबाट म्याद थप भई उनहरूलाई हिरासतमा राखिएकामा सर्वोच्च अदालतमा परेको बन्दी प्रत्यक्षीकरणको रिटमा पछिल्लो थपिएको म्याद अनुसन्धान पूरा गरी मुद्दा दर्ता गर्न वा रिहा गर्न आदेश भएको थियो । अध्यक्ष ओली र नेता लेखकका श्रीमतीहरू क्रमशः राधिका शाक्य र यशोदा लेखकले बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेको थियो । प्रहरी हिरासतबाट मुक्त भई त्रिभुवन विश्वविद्यालय शिक्षक अस्पताल महाराजगन्जमा उपचार गराइरहेका एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको सोमबार पत्थरीको अपरेसन हुने भएको छ । अपरेसनका लागि अस्पतालका विभिन्न विभागहरूले ओलीको स्वास्थ्य 'अब्जरभेसन' गरिरहेको उनका स्वकीय सचिव राजेश बज्राचार्यले जानकारी दिए ।

'अध्यक्ष अहिले अस्पतालमै हुनुहुन्छ । सोमबार उहाँको पत्थरीको अपरेसन छ' उनको भनाइ थियो 'अस्पतालका विभिन्न विभागको अब्जरभेसनमा हुनुहुन्छ ।' भदौ २३ र २४ को घटनाबारे अनुसन्धानका लागि पक्राउ परेका ओलीलाई प्रहरीले बिहीबार बिहान हाजिर जमानीमा छाडेको थियो । सर्वोच्च अदालतको आदेशअनुसार ओलीलाई पत्नी राधिका शाक्यको जिम्मा लगाएर छाडिएको काठमाडौं प्रहरी प्रमुख एसएसपी रमेश थापाले जानकारी दिए । ओली परिवारले दिएको बन्दीप्रत्यक्षीकरणको रिटमाथि सुनुवाइ गर्दै अदालतले गत सोमार काठमाडौंबाट थपिएको ५ दिन म्याद सकिएपछि हिरासतमुक्त गर्न आदेश दिएको थियो । न्यायाधीशद्वय विनोद शर्मा र सुनिलकुमार पोखरेलको इजलासले हिरासतमा राखेको कुरालाई 'कानु प्रतिकूल भन्न नमिल्ने' उल्लेख गरे पनि म्याद थप भएको अवधिमा अनुसन्धान सम्पन्न गरेर मुद्धा चल्ने, नचल्ने निर्णय गरी सोही अनुसार गर्न आदेश दिएको थियो ।

प्रहरीले उनीहरूलाई हाजिरी जमानीमा श्रीमतीको जिम्मा लगाएर हिरासत मुक्त गरेको हो । गत सोमबार सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्मा र सुनील पोखरेलको इजलासले उनीहरूको बन्दी प्रत्यक्षीकरणको रिट खारेज गरे पनि परमादेश जारी गर्दै उनीहरूलाई अनुसन्धानका लागि थप नथुन्नु भनेको थियो ।

# उपसभामुखमा रविले धोका दिए : ज्ञानेन्द्र

**काठमाडौं ।** उपसभामुख पदका लागि रास्वपाका सभापति रवि लामिछानेले धोका दिएको धोका दिएको राष्ट्रिय प्रजातन्त्र पार्टीका राप्रपा दलका नेता ज्ञानेन्द्र शाहीले बताएका छन् ।

रवि आफैंले फोन गरेर 'उपसभामुखमा उम्मेदवारी दिनुस्' भनेपछि आफूहरूले सो पदका लागि उपसभामुखमा सरस्वती लामाको उम्मेदवारी दर्ता गराएको हो । उता श्रम संस्कृति पार्टीका तर्फबाट रुबी कुमारीले रास्वपाकै सांसदको समर्थनमा उम्मेदवारी दिएकी छन् । राप्रपालाई पक्का आश्वासन दिएपछि पनि प्रतिनिधिसभामा बहुमत रहेको रविको पार्टी रास्वपाले उम्मेदवार भने अर्कैलाई बनाएको देखिएको छ । बहुमत सदस्य रहेको रास्वपाले जसलाई सहयोग गर्छ उसैले जित्ने पक्का छ र रविकै आश्वासनमा उपसभामुखमा उम्मेदवारी दर्ता गराएको राप्रपालाई रुबीको उम्मेदवारीले भस्काएको हो । राप्रपाकी लामाको प्रस्तावकमा ज्ञानबहादुर शाही छन् भने समर्थकमा ताहिर अलि भाट, खुश्बु ओली र भरत गिरी रहेका छन् । आफ्ना पार्टीका तर्फबाट उम्मेदवारी दर्ता भएपछि राप्रपा संसदीय दलका नेता शाहीले सबै दलसँग कुरा गरेर नै दलका तर्फबाट उपसभामुखमा उम्मेदवारी दर्ता गराएको बताए ।

रास्वपा सभापति रवि लामिछानेले आफूलाई सहयोग गर्ने भनेपछि अघि बढेको भन्दै निर्वाचनको दिन परिणाम देखिने शाहीले बताए । रास्वपाको समर्थनमा श्रम संस्कृति पार्टीकी रुबी कुमारीले उपसभामुखमा उम्मेदवारी दर्ता भएको छ ।

रुबीले उम्मेदवारी दर्ता गर्दा रास्वपाका महामन्त्री कविन्द्र बुर्लाकोटी समेत संसद सचिवालय पुगेका थिए उपसभामुखमा उम्मेदवारी दिएपछि रुबीले आफूलाई सहयोग गर्ने सबैलाई धन्यवाद दिंदै भूमिका अनुसारको जिम्मेवारी पूरा गर्न आफू सक्षम रहेको दावी गरिन् । रुबीलाई नेपाली कांग्रेस लगायतका प्रतिपक्षीको समेत समर्थन हुने र उपसभामुख पदका लागि शुक्रबार बस्ने प्रतिनिधिसभा बैठकमा निर्वाचन हुने भएको छ ।

# सम्पत्तिबारे भ्रुटो प्रचारबाजी गरिएको देउवाको गुनासो

**काठमाडौं ।** नेपाली कांग्रेसका निवर्तमान सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले आफू र आफ्नो परिवारका बारेमा सम्पत्तिसम्बन्धी विषयमा भ्रामक र भ्रुटो प्रचारबाजी भएको जानकारी गराएका छन् ।

सामाजिक सञ्जाल फेसबुकमार्फत आफू र आफ्नो परिवारका बारेमा सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान सुरु गरिएको भन्ने जानकारी सञ्चारमाध्यमबाट थाहा पाएको उल्लेख गर्दै नेपालको कानुनअनुसार आफूहरूले सार्वजनिक पदमा रहँदा सम्पत्तिको यथार्थ विवरण सम्बन्धित सरकारी निकायमा पेस गरेको अवगत गराएका हुन् । उनले 'देशमा लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना, विधिको शासन, स्वतन्त्र न्यायापालिका, पारदर्शीतासँगै राज्यका अंगहरू स्वतन्त्र र सक्षम हुनुपर्दछ भन्ने मान्यताका लागि मैले सिंगो जीवन संघर्षमै व्यथित गरेको हुँ' लेखेका छन् ।

आफ्नो जीवन एउटा खुला पुस्तकका रूपमा रहेको उल्लेख गर्दै भ्रष्टाचारमुक्त समाज निर्माण गर्दै सुशासन र पारदर्शीता कायम गर्न आफू गृहमन्त्री हुँदा आफ्नै अग्रसरतामा २०४८ सालमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन र आफ्नै प्रधानमन्त्रीत्व कार्यकालमा भ्रष्टाचार निवारण ऐन २०५९ लागू भएको बताएका छन् । 'स्वास्थ्य उपचारका निम्ति हाल हामी विदेशमा छौं र अभै उपचारको क्रम जारी रहेको जानकारी गराउन चाहन्छु' उनले उल्लेख गरेका छन् 'वास्तविकता समयक्रमसँगै खुल्दै जाने नै छ । अतिरञ्जना गरी सार्वजिनक भएका विवरणबाट भ्रममा नपर्न सबैमा आग्रह गर्दछु ।'

# विदेशी ऋणबारे सरकारको दोहोरो चरित्र : पोखरेल

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का महासचिव शंकर पोखरेलले विदेशी ऋणको विषयमा वर्तमान सरकारले दोहोरो चरित्र देखाएको भन्दै प्रश्न उठाएका छन् ।

पूर्ववर्ती सरकारका समय विदेशी ऋणको आलोचना गर्नेहरू नै अहिले सत्तामा पुगेपछि ठूलो मात्रामा ऋण लिइरहेको उनले बताएका हुन् । पोखरेलले सामाजिक सञ्जाल फेसबुकमा मंगलबार पूर्ववर्ती सरकारले ऋण लिँदा विरोध गर्नेहरूले अहिले संसदमा स्पष्ट नीति र प्राथमिकता नदिई ऋण लिइरहेको उल्लेख गरेका छन् । 'हिजो विदेशी ऋणले डुबायो भनेर पूर्ववर्ती सरकारको आलोचना गर्नेहरू नै आज सरकारको नीति तथा कार्यक्रम र प्राथमिकता संसदमा स्पष्ट रूपमा प्रस्तुत नगरी ठूलो मात्रामा ऋण लिइरहेका छन्' उनले लेखेका छन् 'यस्तो विषय सार्वजनिक हुँदा स्वाभाविक रूपमा प्रश्न उठ्छ ।'

वर्तमान मन्त्रिपरिषदको यही चैत २२ मा बसेको बैठकले १८.५ करोड अमेरिकी डलर (झन्डै २७ अर्ब ५१ लाख रूपैयाँ) बराबरको विदेशी ऋण लिने निर्णय गरेको थियो । सत्ता बाहिर हुँदा ऋणको विरोध गर्ने र सत्तामा पुगेपछि त्यही ऋण स्वीकार्ने प्रवृत्तिमाथि पोखरेलले प्रश्न गरेका छन्- 'हिजो विरोध किन ? आज स्वीकार किन ?' ठूलो मात्रामा विदेशी ऋण लिइएको विषमा सरकारले जनतालाई स्पष्ट र पारदर्शी रूपामा जानकारी दिनुपर्ने पोखरेलको माग रहेको छ । सो विषयमा राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपाकी खुश्बु ओलीले पनि प्रतिनिधि सभा बैठकमा प्रश्न उठाएकी थिइन् ।

# राष्ट्रियसभाका विषयगत समितिका सभापतिको सपथ

**काठमाडौं ।** राष्ट्रियसभाका चार विषयगत समितिका सभापतिले पद तथा गोपनीयताको शपथ लिएका छन् । संघीय संसद सचिवालयमा आयोजित एक कार्यक्रममा राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले उनीहरूलाई शपथ गराएका हुन् ।

सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सभापति पूजा चौधरी, संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सभापति जयन्तीदेवी राई, विकास, आर्थिक मालिमा तथा सुशासन समितिका सभापति कृष्णप्रसाद पौडेल र विधायन व्यवस्थापन समितिका सभापति कृष्णबहादुर रोकायाले पद तथा गोपनीयताको शपथ लिएका थिए ।

# कांग्रेसलाई संख्या होइन, इमानदार र प्रतिबद्ध कार्यकर्ता आवश्यक : थापा

**काठमाडौं ।** नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले अब पार्टीलाई क्रियाशील सदस्यको संख्याभन्दा पनि गुणस्तरीय, प्रतिबद्ध र इमानदार कार्यकर्ता चाहिएको बताएका छन् ।

जनपुरधाममा आयोजित कांग्रेसको मधेस प्रदेशस्तरीय निर्वाचन समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै उनले पार्टीभित्र शुद्धिकरण अभियान सञ्चालन गरिने बताएका हुन् । उनले पार्टीभित्र शुद्धिकरण अभियान सञ्चालन गर्दा संख्या कम भए पनि जिम्मेवार कार्यकर्ताको बलमा संगठन सुदृढ बनाइने बताए । 'अब संख्या वा क्रियाशील सदस्यको भीड होइन, निवष्ठावान कार्यकर्ताको आवश्यकता छ । पार्टीले सोही अनुसार नीति बनाएर अगाडि बढ्छ' उनको भनाइ थियो ।

बैशाख १ देखि क्रियाशील सदस्यताको अध्यावधिक प्रक्रिया सुरु गरिने जानकारी दिंदै थापाले त्यसपछि देशव्यापी रूपमा सुद्धिकरण अभियान अघि बढाइने उल्लेख गरे । समस्याको बेला पार्टीको हितमा नलाग्ने १० लाख सदस्यभन्दा एक लाख प्रतिबद्ध सदस्य भए पनि संगठन थप चलायमान हुने सभापति थापाको भनाइ थियो । 'पार्टीलाई एकताबद्ध, अनुशासित र नीति-सिद्धान्तमा आधारित बनाउँदै देशभर नयाँ ऊर्जा सिर्जना गरिनेछ' सभापति थापाको भनाइ थियो 'कांग्रेसलाई जनतासँग अझ नजिक बनाउँदै विश्वास जित्ने दिशामा अघि बढ्ने छौं ।'

सभापति थापाले प्रतिनिधिसभा निर्वाचनको परिणामबारे समीक्षा आवश्यक रहेको भन्दै थापाले वर्तमान अवस्था कांग्रेसको इतिहासमै चुनौतीपूर्ण रहेको र यसबाट सिक्दै अघि बढ्नुपर्ने आवश्यकतातर्फ औंल्याए । उनले १५औं महाधिवेशन सफल बनाउने जिम्मेवारी समेत आफैंले लिने बताए । सहमहामन्त्री फरमुल्ला मन्सुरको अध्यक्षता भएको कार्यक्रममा मधेस प्रदेश सभापति तथा मुख्यमन्त्री कृष्णप्रसाद यादवले कार्यकर्तालाई निराश नहुन आग्रह गरेका थिए ।

कार्यक्रममा उपसभापति पुष्पा भुसाल, महामन्त्री गुरुराज घिमिरे, सहमहामन्त्रीहरू डिला संग्रौला, मुक्ता यादवलगायत प्रदेशका आठै जिल्लाका प्रतिनिधि नेता तथा कार्यकर्ताको सहभागितामा रहेको थियो ।



# राष्ट्रहितमा सहमति र सहकार्यसहित सञ्जाल नियमनको सुझाव

**काठमाडौं ।** राष्ट्रियसभाको विशेष समयमा बोल्दै सांसदले राष्ट्रिय हितका लागि दलबीच मेलमिलाप, सहमति र सहकार्य आवश्यक रहेकोतर्फ औंल्याएका छन् । सबै राजनीतिक दल र नेताले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितमा लाग्नुपर्ने धारणा राख्दै बुधबार बसेको राष्ट्रियसभा बैठकको विशेष समयमा नेपाली कांग्रेसका सांसद सुनिलबहादुर थापाले मुलुक र जनताको हितका लागि सबै दलबीच मेलमिलाप र सहमतिको आवश्यकतातर्फ औंल्याएका हुन् ।

उनले मुलुकका सबै प्रजातान्त्रिक आन्दोलनमा कांग्रेसको नेतृत्वदायी भूमिका रहेको र कांग्रेसले सहमति र सहकार्यको नीति अपनाएको अवगत गराएका थिए । लोकतन्त्रको सुदृढिकरणका लागि वर्तमान सरकारले सहमति र सहकार्यको नीति अपनाउनुपर्ने सुझाव दिँदै उनले जलवायु परिवर्तनले नेपाल निकै प्रभावित भएको र त्यसका लागि समेत बताए । यसका लागि अन्तराष्ट्रिय मञ्चमा सशक्त कुरा उठाउनुपर्नेमा उनको जोड थियो ।

सरकारी विज्ञापन सहकारी सञ्चारमाध्यममा मात्र दिने वर्तमान सरकारको निर्णय गलत र अलोकतान्त्रिक भएको भन्दै नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का सांसद जयन्तीदेवी राईले यसले प्रेस स्वतन्त्रता हनन हुनसक्नेतर्फ सरकारको ध्यानाकर्षण गराउँदै उक्त निर्णय सच्याउन पर्ने माग गरिन् । राष्ट्रियसभा बैठकको विशेष समयमा बोल्दै राईले पछिल्लो समय डिजिटल प्रविधिबाट किशोरीमाथि हुने हिंसाका घटना बढेको अवगत गराउँदै सोको नियन्त्रणका लागि सरकारसँग तत्काल र प्रभावकारी काम गर्न आग्रह गरिन् । साथै अनलाइन र डिजिटल हिंसा नियन्त्रणका लागि सामाजिक सञ्जालसम्बन्धी विधेयकलाई अगाडि बढाउन सरकारलाई सुझाव दिइन् ।

यस्तै नेपाल कम्युनिस्ट पार्टी (एमाले) की सांसद सम्झना देवकोटाले पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई गिरफ्तारी गैरकानुनी भएको भन्दै तत्काल रिहाईको माग गरिन् । गत भदौ २३ र २४ गतेको घटनाका दोषीलाई कानुनअनुसार कारबाही गर्नुपर्ने उनको भनाइ थियो । राष्ट्रियसभाको विशेष समयमा बोल्दै जनता समाजवादी पार्टी नेपालका सांसद मोहम्मद खालिदले सरकारलाई भ्रष्टाचार नियन्त्रण, बढ्दो आयात र मंहगी नियन्त्रण बन्द उद्योग सञ्चालन, सन्तुलित परराष्ट्र नीति, सामाािजक न्याय कायम जनताको हितअनुसार संविधान संशोधनलगायत कार्यका लागि सबै दलसँग संवाद, सहमति र सहकार्यले गर्दा मात्र सफलता प्राप्त गर्न सकिने सुझाव दिए ।

राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले पश्चिम एसियामा भएको द्वन्द्वले मुलुकमा महंगी बढेको र जनजीवन प्रभावित भएको सरकारलाई तत्काल सहजताका लागि आवश्यक पहल थाल्न आग्रह गरे । राष्ट्रियसभा बैठकको शून्य समयमा बोल्दै सांसद गीता देवकोटाले पेट्रोलियम पदार्थको मूल्यवृद्धिले जनताको दैनिकी प्रभावित भएकाले कृषिमा लगानी बढाई आत्मनिर्भरताका लागि दीर्घकालीन योजना बनाउन सरकारको ध्यानाकर्षण गराए ।

सांसद धर्मेन्द्र पासवानले सप्तरीमा एक महिलामाथि भएको बलात्कार र हिंसा प्रकरण सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउँदै न्यायका लागि तत्काल पहल गर्न तथा सांसद मीनासिंह रखाले कर्णाली क्षेत्रमा प्राकृतिक स्रोतको प्रचुर सम्भावना हुँदा पनि समृद्धिमा पछाडि परेकाले आवश्यक लगानीका लागि आगामी बजेटमा व्यवस्था गर्न र सांसद रेखाकुमारी झाले खेतबालीका लागि समयमै मल, बीउ र अन्य आवश्यक सामग्रीको व्यवस्था गर्न कृषिमा नोक्सानी पुर्‍याउने वन्यजन्तुको व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराए । राष्ट्रियसभाको शून्य समयमा सांसदद्वय ललितजंग शाही र सोमनाथ पोर्तेलले आ–आफ्ना सरोकारका विषयमा सरकारलाई ध्यानाकर्षण गराएका थिए ।

# ओलीप्रति अपमानपूर्ण अभिव्यक्ति दिइएकामा विरोध

**काठमाडौं ।** प्रतिनिधिसभा बैठकको शून्य समयमा बोल्ने सत्तासीन राष्ट्रिय स्वतन्त्र पार्टीका एक सांसद पूर्व प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीप्रति अपमानजनक रूपमा प्रस्तुत भएको भन्दै नेपाल कम्युनिस्ट पार्टी (एमाले) का सांसदले विरोध जनाएका छन् ।

प्रतिनिधिसभाको शून्य समयमा रास्वपाका पुरुषोत्तम यादवले एमाले अध्यक्ष ओलीविरुद्ध अमानजनक अभिव्यक्ति दिएको विषयमा सोही बैठकको विशेष समयमा बोल्ने एमाले सांसद गुरुप्रसाद बरालले अपराधी करार गर्ने काम सदनको नभएको भन्दै विरोध गरेका हुन् । बैठकको शून्य समयमा यादवले एमाले अध्यक्ष ओलीलाई 'जेलमा रहनुपर्ने अपराधी अस्पतालमा रहेको छ...' जस्ता अभिव्यक्ति दिएको विषयमा बरालले अपराधी करार गर्ने काम सदनको नभएको बताए ।

अदालती प्रक्रियाबाट किनारा लगाउनुपर्ने विषयमा सदनमा दिइएको अभिव्यक्ति नियमावली विपरीत भएकाले त्यसलाई अभिलेखबाट हटाउन सांसद बरालले आग्रह गरे ।

# महिला सांसदद्वारा 'साइबर बुलिङ' विरुद्ध उजुरी

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)का सचिव पद्माकुमारी अर्याल र केन्द्रीय सदस्य रामकुमारी झाँक्रीसहित १८ महिला सांसदले पछिल्लो समयमा किशोरीहरूमाथि भएको साइबर बुलिङका विषयमा नेपाल प्रकरीको साइबर ब्युरोमा उजुरी दिएका छन् ।

एमाले सचिव अर्याल, केन्द्रीय सदस्य झाँक्रीसहित १८ महिला सांसदले भोटाहिटीस्थित प्रहरी ब्युरोमा लिखित उजरी दिएका हुन् । उक्त उजुरीमा सामाजिक सञ्जाल तथा विभिन्न भर्चुअल प्लेटफर्मार्फ विशेष गरी साइबर बुलिङ, दुर्व्यवहार, अपमानजनक व्यवहार, घृणा र टीका टिप्पणीले किशोरीहरू मानसिक उत्पीडनको सिकार भएको उल्लेख छ । त्यस्तो व्यवहारले किशोरीहरूको आत्मसम्मान, मानसिक स्वास्थ्य तथा सामाजिक सुरक्षामा गम्भीर असर पारेको उजुरीमा भनिएको छ । यस्ता साइबर बुलिङसम्बन्धी उजुरीको छिटो र प्रभावकारी छानबिन तथा अनुसन्धान गर्न र पीडितलाई तत्काल सुरक्षा र न्याय सुनिश्चित गर्न माग गरिएको छ ।

# वर्षाले गहुँबाली बिगार्दा किसान चिन्तित

**काठमाडौं ।** बुधबार दिउँसोदेखि परेको वर्षाले कञ्चनपुरका किसान प्रभावित भएका छन् । खेतमा पाकेर तयार भएको गहुँ काट्ने र भित्र्याउने अवस्थामा भएको वर्षाले किसान मर्कामा परेका हुन् । कतिपय किसानको गहुँ काटिसके पनि थ्रेसिङ गर्न नपाउँदै पानीले भिजाउँदा उत्पादनमा क्षति पुगेको छ भने केही किसानले वर्षाको सम्भावनाका कारण गहुँ काट्नै नपाएको अवस्था छ । कृष्णपुर नगरपालिका राजघाटका मोहनसिंह चौधरीले मौसमबारे पूर्वानुमान गर्न नसक्दा मेसिन लगाएर काटेको गहुँ भित्र्याउन नपाउँदै भिजेको गुनासो पोखे ।

'मेसिनले गहुँ काट्यौं, तर पानी पर्ने थाहा भएन' उनले भने 'थ्रेसिङ गर्न नपाउँदै पानी परेपछि सबै गहुँ भिज्यो, अब वर्षा नरोकिए खेतमै उम्रिने चिन्ता छ ।' शुक्लाफाँटा नगरपालिका–२ का भरतबहादुर चौधरीले वर्षाको जानकारी पाएपछि गहुँ काट्ने योजना नै स्थगित गर्नुपरेको बताए । 'गहुँ पाकेर खेतमै झर्ने अवस्था छ, वर्षा लम्बिए ठूलो नोक्सानी हुन्छ' उनले भने । शुक्लाफाँटा नगरपालिका–पीपलाडीका प्रकाश चौधरीले हतारहतारमा पानी पर्ने क्रम सँगै गहुँ भित्र्याउन सफल भए पनि भुसा भने पानीले बिग्रिएको बताए । 'जोडबल गरी गहुँ थ्रेसिङ गरेर भित्र्यायौं' उनले भने 'भुसा पानीले भिजेर काम नलाग्ने भयो ।'

चैतको अन्त्यमा गहुँ भित्र्याउने समयमा परेको वर्षाले उत्पादन र आम्दानी दुवैमा असर पार्छ । खेतमै भिजेको गहुँमा गुणस्तर घट्ने, दुसी लाग्ने र अंकुर उम्रिने जोखिम बढ्छ । मौसमको अनिश्चितताले पछिल्ला वर्षमा खेतीपातीमा जोखिम बढ्दै गएको छ । शुक्लाफाँटा कृषि विकास शाखाका प्रमुख करनसिंह बुढाएरका अनुसार काटिसकेको गहुँ पानीमा भिज्दा दानाको गुणस्तर घट्ने, भण्डारण गर्न समस्या हुने र बजार मूल्य समेत कम हुने सम्भावना रहन्छ । उनले किसानलाई मौसमको पूर्वानुमानअनुसार काम गर्न र सम्भव भएसम्म छिटो बाली भित्र्याउन सुझाव दिइएको बताए । नगरपालिका क्षेत्रका ८५ प्रतिशत किसानले गहुँबाली भित्र्याइसकेका भए पनि १५ प्रतिशत जति किसानको बाली वर्षाका कारण प्रभावित भएको हुनसक्ने उनले बताए ।

# रसुवामा आलु उत्पादन बढ्नेमा किसान आशावादी

**काठमाडौं ।** चैत महिलामा परेको पानीले रसुवाका आलु किसानलाई उत्साहित बनाएको छ । सोमबार परेको पानी र हिमपातले आलुबालीलाई आवश्यक चिस्यान पुगेकाले उत्पादन बढ्ने आशा उत्तरी रसुवाका किसानले गरेका हुन् ।

स्थानीय किसानले उच्च भेगमा हिमपात हुँदा जमिनमा प्राकृतिक चिस्यान पुगेकाले आलुखेतीलाई विशेष फाइदा पुग्ने भन्दै खुसी व्यक्त गरेका छन् । उत्तरी रसुवाको गतलाङ क्षेत्रमा उल्लेख्य मात्रामा हिमापत भएको स्थानीय किसानले बताए । विगत चार वर्षदेखि माथिल्लो क्षेत्रमा मात्र सीमित हिमपात अहिले गाउँ आसपाससम्म देखिनु सकारात्मक रहेको स्थानीयले बताए । अहिले गोडमेल गरी दाना लाग्ने चरणमा रहेको आलुबालीलाई यही समयमा परेको वर्षाले आवश्यक चिस्यान प्रदान गरेको छ ।

गतलाङ क्षेत्रमा आलु खनेपछि बन्दागोभी खेती गर्ने प्रचलन छ । यसका कारण यहाँ उत्पादन हुने आलु असारदेखि बजारमा आउने गर्दछ । कृषि विकास कार्यालय रसुवाले २०५० सालमा गतलाङ क्षेत्रलाई आलुको पकेट क्षेत्र घोषणा गरेपछि जिल्लाका पाँच सयभन्दा बढी घरपरिवारको प्रमुख नगदे बाली आलु बिक्री गरेर किसानले चामल खरिद गर्ने गरेका छन् । यस वर्ष किसानले तीन सय ट्रकभन्दा बढी आलु उत्पादन हुने आशा राखेका छन् ।

# राष्ट्रिय एकता कायम राख्न सधैं अग्रसर छौं : सेनापति

**काठमाडौं ।** प्रधानसेनापति अशोकराज सिग्देलले राष्ट्रिय एकता कायम राख्न नेपाली सेना सधैं अग्रसर रहेको बताएका छन् । तनहुँमा आयोजित भूतपूर्व सैनिक सम्मेलनलाई सम्बोधन गर्दै प्रधानसेनापति सिग्देलले नेपाली सेनाले इतिहासदेखि नै देशको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको संरक्षणमा अतुलनीय योगदान गर्दै आएको बताएका हुन् ।

प्रधानसेनापति सिग्देलले नेपाली सेनालाई आफ्नो ऐतिहासिक परम्परा कायम राख्दै वर्तमान तथा भविष्यका चुनौती सामना गर्न सक्षम संस्थाका रूपमा विकास गर्नुपर्नेमा जोड दिए । उनले देशको सार्वभौमिकताको रक्षाका साथै आन्तरिक सुरक्षा, विकास निर्माण, विपद व्यवस्थापन तथा अन्तर्राष्ट्रिय शान्ति स्थापनामा सेनाले निर्वाह गरेको भूमिकाले नेपाली सेनालाई स्वदेश तथा विदेशमा विश्वसनीय र सम्मानित संस्थाका रूपमा स्थापित गरेको बताए ।

उनले नेपाली सेनाको कल्याणकारी बोर्डले लाभग्राहीलाई एउटै छानामुनि ल्याउन सञ्जाल निर्माण तथा विस्तार गर्दै आएको बताए । उनले समग्र आर्थिक क्षेत्रमा आएको संकुचन र सुस्तताका कारण बैकिङ क्षेत्रमा थपिएको चुनौती, मुद्दती निक्षेपको ब्याज आम्दानीमा आएको गिरावट तथा शान्ति स्थापनामा खटिएका फौजको संख्यामा भएको कटौतीले कल्याणकारी कार्यक्रमको सञ्चालन र दिगोपनामा चुनौती थपिएको बताए ।

# एसईई दिइरहेका नक्कली परीक्षार्थी पक्राउ

**काठमाडौं ।** सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका–४ स्थित श्री पृथ्वीनारायण माध्यमिक विद्यालय परीक्षा केन्द्रबाट एक नक्कली परीक्षार्थी पक्राउ परेका छन् । विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले माध्यमिक शिक्षा परीक्षा (एसइई) दिइरहेकी हरिनगर–६ का २० वर्षीया नुसरत खातुनलाई पक्राउ गरिएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक केशव थेबेले खातुनले आफ्नै भाउजू सलमा अजहरको नाममा जारी गरिएको प्रवेशपत्र लिएर परीक्षा दिइरहेको पाइएपछि पक्राउ परेकी हुन् । उनले पहिलो दिनदेखि नै लगातार भाउजूका लागि परीक्षा दिइरहेकी खातुनलाई नियन्त्रणमा लिएको जानकारी दिए । भोक्राहा–२ स्थित जामिया इस्लामिया मदरसामा कक्षा १० मा अध्ययनरत सलमा अहिले कतारमा रहेको जनाइएको छ ।

सुनसरीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले नक्कली परीक्षार्थी बनेर परीक्षा दिनु शिक्षा ऐनविपरीत भएकाले सोहीअनुसार खातुनलाई कारबाही हुने जानकारी दिए ।

# सरकारी सञ्चार माध्यम मात्रै च्याप्ने नीति परिवर्तन गर्न आग्रह

**काठमाडौं ।** नेपाल पत्रकार महासंघले सरकारी सञ्चारमाध्यममा मात्र सरकारी सूचना प्रकाशन र प्रसारण गर्ने सरकारको नीति परिवर्तन गर्न आग्रह गरेको छ ।

महासंघले विज्ञप्ति जारी गर्दै सरकारसँग प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट सबै संघीय मन्त्रालय, आयोग र सचिवालय, प्रदेश र स्थानीय तहहरूलाई समेत जारी गरिएको सो सम्बन्धी परिपत्र तत्काल फिर्ता गर्न समेत सरकारसँग माग गरेको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनालाई भेटी निर्णय खारेज गर्न यस विषयमा ध्यानाकर्षण गराइएको पनि महासंघले बताएको छ । महासंघले बुधबार त्यसबारे महासंघका पूर्वअध्यक्ष, बिहीबार राष्ट्रिय दैनिक, साप्ताहिक, अनलाइनका सम्पादक र शुक्रबार राजनीतिक दलका संसदीय दलका नेतासँग छलफल गर्ने जानकारी दिएको छ ।

महासंघले श्रमजीवी पत्रकारलाई नियमित पारिश्रमिक र सेवा–सुविधा उपलब्ध गराउन सञ्चार गृहहरूसँग समेत आग्रह गरेको छ ।

# मोटरसाइकल ठोक्किएर आगो लाग्दा तीन विद्यार्थीको जलेर निधन

**काठमाडौं ।** महोत्तरीस्थित जलेश्वर बर्दिबास सडकखण्डको बथनाहा गाउँमा मंगलबार दुईवटा मोटरसाइकल एकापसमा ठोक्किएर आगलागी हुँदा तीन विद्यार्थीको जलेर निधन हुनुका साथै तीन जना गम्भीर घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक शैलेन्द्र भट्टले घाइतेहरूको सदरमुकाम जलेश्वरस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको जानकारी दिएको छ । प्रहरीले हालसम्म मृतक तथा घाइतेमध्ये कसैको नाम, थर, वतन खुलाएको छैन भने मोटरसाइकल पनि पूर्ण रूपमा जलेर नम्बरप्लेट समेत नदेखिने अवस्थामा रहेको जनाइएको छ । विपरीत दिशाबाट आएका ती मोटरसाइकल जलेश्वर बर्दिबास सडकखण्डको एकडारा गाउँपालिका–५ स्थित बथनाहा गाउँमा एकापसमा ठोक्किएका थिए । ठोक्किएर दुवै मोटरसाइकलमा आगलागी हुँदा तीन जना विद्यार्थीको घटनास्थलमै निधन भएको प्रहरीले जनाएको छ ।

उक्त दुर्घटनामा एसइई परीक्षा दिएर फर्किएका विद्यार्थी परेको जानकारी दिँदै प्रहरीले घटनामा तीन जनामध्ये दुई जनाको अवस्था गम्भीर र एक जनाको अवस्था मध्यम रहेको जनाएको छ ।

# सैद्धान्तिक रूपले प्रस्ट हुन नेमकिपाको निर्देशन

**भक्तपुर ।** नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का अध्यक्ष नारायणमान बिजुक्छेँ रोहितले कार्यकर्ताहरूलाई सैद्धान्तिक रूपमा प्रस्ट हुन र जनतालाई राजनीतिक रूपमा शिक्षित गराउन निर्देशन दिएका छन् । नेकपाको तेस्रो केन्द्रीय समिति बैठकको समापन गर्दै उनले केन्द्रीय सदस्यहरूलाई आम कार्यकर्तामाझ पुगेर कार्यकर्ताहरूलाई सैद्धान्तिक रूपमा प्रस्ट पार्नुपर्नेमा जोड दिएका हुन् ।

पार्टीका जनवर्गीय तथा पेसागत संगठनहरूलाई थप सक्रिय बनाउन, मजदुर आन्दोलनमा देखापरेका पुँजीवादी विचारको वैचारिक रूपमै खण्डन गर्न केन्द्रीय सदस्यहरूलाई उनले निर्देशन दिए । साम्राज्यवादको पतन र समाजवादको विजय निश्चित रहेको विषयमा नयाँ पुस्तालाई शिक्षित गर्दै जानुपर्नेमा जोड दिएका बिजुक्छेँले पार्टी गतिविधि र जनताको समस्या बुझ्न नियमित अन्तरक्रिया गर्न आग्रह गरे ।

बैठकले फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा पार्टीलाई मतदान गर्ने सम्पूर्ण मतदातालाई धन्यवाद ज्ञापन गर्ने निर्णय गर्दै पार्टीले जिल्ला, पालिका र वडा समितिहरूमार्फत स्थानीयस्तरको टोलटोलमा पुगेर सभा गर्दै मतदातालाई धन्यवाद व्यक्त गर्ने निर्णय गरेको पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईंले जानकारी दिए । बैठकमा पार्टीका केन्द्रीय सचिव प्रेम सुवालले प्रस्तुत गरेको पार्टीको राजनीतिक तथा सांगठनिक प्रतिवेदनलाई आवश्यक सुझावसहित पारित गरेको गोसाईंले जानकारी दिए ।

# राष्ट्रियसभाका चार समिति सभापति निर्विरोध

**काठमाडौं ।** राष्ट्रियसभाका रिक्त चार समितिका सभापति निर्विरोध चयन भएका छन् । सम्बन्धित समितिका ज्येष्ठ सदस्यको अध्यक्षतामा मंगलबार बसेका समिति बैठकमा दलहरूबीचको सहमतिका आधारमा एक/एक उम्मेदवारको प्रस्ताव परेपछि उनीहरू निर्विरोध निर्वाचित भएका हुन् ।

यसअघि रिक्त रहेको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिमा पूजा चौधरी, संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा जयन्तीदेवी राई, विकास, आर्थिक मामिला तथा सुशासन समितिमा कृष्णप्रसाद पौडेल र विधायन व्यवस्थापन समितिमा कृष्णबहादुर रोकाया निर्वाचित भएका राष्ट्रियसभाका सचिव तुलबहादुर कँडेलले जानकारी दिए । गत फागुन २० गतेदेखि ती समितिका सभापतिको पद रिक्त रहेका थिए ।

# गौतमबुद्ध विमानस्थल यथाशीघ्र सञ्चालन गर्न माग

**काठमाडौं ।** सिद्धार्थनगर नगरपालिकाका जनप्रतिनिधिले रूपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई यथाशीघ्र सञ्चालन गराउन संघीय सरकारसँग आग्रह गरेका छन् ।

समारोहमा नगरप्रमुख इशितयाक अहमद खाँले अर्बौं लगानीमा निर्माण भएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल यथाशीघ्र सञ्चालन गर्नुपर्नेमा जोड दिए । उनले विमानस्थल सञ्चालन गर्न सरकारलाई आग्रह गर्दै भगवान गौतमबुद्धको नामबाट निर्माण भएको विमानस्थल सञ्चालन भए देशमा आर्थिक गतिविधि चलायमान बन्दै जाने विश्वास व्यक्त गरेका छन् । 'विमानस्थल नियमित सञ्चालन भए भैरहवाको मात्र विकास हुँदैन, यसले समग्र मुलुकको विकासमा टेवा पुऱ्याउँछ, विमानस्थल सञ्चालन भएपछि पर्यटककाे आवागमन बढ्छ' उनको भनाइ थियो । नगरप्रमुख खाँले विमानस्थल सञ्चालन गर्न ढिलाइ गर्न नहुने बताए । नगर प्रवक्ता मुक्तिनाथ यादवले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नचल्दा यस क्षेत्रका उद्योगी-व्यवसायी धरासायी अवस्थामा पुगेको बताए । उनले विमानस्थल सञ्चालनका लागि आवश्यक कदम चाल्न वर्तमान सरकारसँग आग्रह गरे । सिद्धार्थनगर नगरपालिका-४ का वडाअध्यक्ष समेत रहेका प्रवक्ता यादवले विमानस्थल सञ्चालनका लागि स्थानीय सरकारकोतर्फबाट पहल गर्ने जानकारी दिए ।

यसैबीच, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता एवं पूर्वअर्थमन्त्री वर्षमान पुनले अनन्तले प्रधानमन्त्री बालेन्द्र शाह बालेनलाई विभिन्न विकास आयोजना अघि बढाउन सुझाव दिएका छन् । लुम्बिनी प्रदेशबाट निर्वाचित प्रतिनिधिसभा सदस्यसँग प्रधानमन्त्री शाहले छलफल गर्दै गर्दा सोही छलफलमा सहभागी पुनले आफू निर्वाचित भएको रोल्पा तथा लुम्बिनी प्रदेशका चालु विकास आयोजना र केही नयाँ परियोजनालाई प्राथमिकतामा राखेर काम अघि बढाउन सरकारको ध्यानाकर्षण गराए हुन् । भैरहवा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल तत्काल सञ्चालनमा ल्याउन पुनले प्रधानमन्त्रीको ध्यानाकर्षण गराए । अन्तर्राष्ट्रिय उडान सञ्चालनका लागि हवाई मार्गका विषयमा भारतसँग कूटनीतिक संवाद अघि बढाउन ढिलाई गर्नु नहुनेमा उनले जोड दिए ।

'भैरहवा विमानस्थलमा श्रम डेस्क राखेर अन्तर्राष्ट्रिय उडान नियमित गरेर पर्यटन क्षेत्रमा सम्भावनाको ढोका खोल्न अब ढिला गर्नु हुँदैन' पूर्वअर्थमन्त्री पुनको भनाइ थियो 'अन्तर्राष्ट्रिय हवाइ मार्गका लागि भारतसँग कूटनीतिक पहल गर्न सम्माननीय प्रधानमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु ।' दाङको कोइलाबास-रोल्पा-रुकुम हुँदै डोल्पा जोड्ने शहीद मार्ग निर्माणको कामलाई गति दिन उनले माग गरे । छिमेकी चीनको सीमासम्म छुने उक्त सडकको रणनीतिक महत्व रहेको बताउँदै पुनले शहीद मार्गको घोराही-होलेरी-खण्ड कालोपत्रे तथा रोल्पाको सुलीचौरदेखि उवासम्म स्तरोन्तिका लागि बजेट व्यवस्था गरिदिन आग्रह गरे ।

रोल्पास्थित माडी बहुउद्देश्यीय जलविद्युत आयोजनाको काम अघि बढाउन पूर्वअर्थमन्त्री पुनले सरकारसँग माग गरे । उनले रोल्पा नगरपालिका १ र २ मा माडीखोला थुनेर बहुउद्देश्यीय जलविद्युत आयोजना निर्माण गर्ने सरकारी स्वामित्वको हाइड्रो इलेन्ट्रिसिटी एन्ड इन्भेष्टमेन्ट डेभलपमेन्ट कम्पनी लिमिटेड र चीनको पावर कन्स्ट्रक्सन कर्पोरेसनको संयुक्त लगानीमा निर्माण ढाँचा यार पारिएको उक्त आयोजनाको निर्माण रोकिएको छ ।

आफू अर्थमन्त्री भएका बेला आर्थिक वर्ष ०८१/०८२ को बजेटमा समावेश गरिएको गण्डकी आर्थिक त्रिभुज परियोजा अघि बढाउनुपर्नेमा पनि उनले जोड दिए । एकीकृत विकास अवधारणाले नमुना विकास अभियान सञ्चालन गर्न भरतपुर, बुटवल र पोखरालाई तीनवटा कोणमा राखी निजी क्षेत्रसँगको साझेदारीमा त्रिभुज परियोजना अघि बढाउन सकिए नयाँ आर्थिक केन्द्र विकास हुने र त्यसले मुलुकको समग्र अर्थतन्त्रमै 'गेम चेन्जर' को भूमिका खेल्न सक्ने भनाइ थियो ।

त्रिभुज परियोजनाअन्तर्गत नारायणगढ-बुटवल खण्डलाई निर्माण सामग्री तथा हेभी उद्योगको केन्द्र, मुग्लिन-पोखरा खण्डलाई कृषि तथा खाद्य प्रशोधन उद्योगको केन्द्र र पोखरा-बुटवल खण्डलाई विद्युतीय उपकरण, जुत्ता, लत्ताकपडा, कार्पेट तथा घरायसी प्रयोगका वस्तु तथा सेवा सम्बद्ध उद्योगको केन्द्रका रूपमा विकास गर्ने भनिएको थियो । कांग्रेस र एमालेबीच ०८१ असार १७ गते राति भएको सत्ता समीकरणसम्बन्धी ७ बुँदे सहमतिपछि पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारलाई विस्थापित गरेर बनेको केपी ओली नेतृत्वको सरकारले बजेट संशोधन गरी गण्डक त्रिभुज परियोजना खारेज गरिदिएको थियो ।

पूर्वअर्थमन्त्री पुनले कृषि उत्पादनका लागि देशकै उर्बर भूमि रहेको लुम्बिनी प्रदेशमा सिंचाई, मल, बिउ, आधुनिक कृषि औजार र बजार व्यवस्थापनसहित एकीकृत विकास परियोजना अघि बढाउन सुझाव समेत दिए ।

# बस र ट्रक ठोकिँदा १५ भारतीय तीर्थयात्री घाइते

**काठमाडौं ।** म्याग्दीको बेनी नगरपालिका-९ जलेश्वरमा बस र ट्रक ठोकिएर दुर्घटना हुँदा १५ जना भारतीय तीर्थयात्री घाइते भएका छन् । मुस्ताङबाट पोखरा जाँदै गरेको गरख १४५७ नम्बरको बस र भैरहवाबाट दानाको रूपसेतर्फ जाँदै गरेको ग प्र.०१००१ख ००१२ नम्बरको ट्रक ठोकिएर दुर्घटना भएको हो ।

जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी निरीक्षक सागर तिमिल्सिनाका अनुसार बस र ट्रकको अगाडिको भाग पूर्ण क्षति भएको छ । बसमा सवारी २४ जनामध्ये चालक र सहचालकसहित ९ जना सकुसल छन् । मुस्ताङस्थित मुक्तिनाथ तीर्थयात्रा गरेर फर्कंदै गरेका भारतीय तीर्थयात्री घाइते भएको प्रहरी निरीक्षक तिमिल्सिनाले जानकारी दिए । भारतको उत्तरप्रदेशका ६२ वर्षीय दीपकराज मित्तल, ६३ वर्षीय शंकर लाल केशवानी, ४२ वर्षीया कृति शर्मा, ३८ वर्षीय गौरव सेनी, गुजरातका ७२ वर्षीय राज अडोलिया, २० वर्षीया सिम्रन साहाय, हरियानाका ६७ का प्रेमा शर्मा, उत्तर प्रदेशका ५३ का अल्का गुप्ता, जयपुर राजस्थानका ५८ वर्षीय अरविन्द भट्ट, दिल्लीका ६९ वर्षीय रामगोपाल शर्मा र ४८ वर्षीया बन्धना शर्मा, मध्यप्रदेशका ३७ वर्षीया ऋचा कौशिक र ३९ वर्षीय गौरव कौशिक, गुजरातका ४८ वर्षीय विनित गोयल र ४२ वर्षीय निरु चौधरी घाइते भएका प्रहरीले जानकारी दिएको छ ।

घाइतेहरूमध्ये अधिकांशको अनुहार, हात र खुट्टामा चोट लागेको पनि प्रहरीले जनाएको छ । प्रहरीले बस चालक कास्कीको माछापुच्छ्रे गाउँपालिका-४ का लाहाचोकका ३१ वर्षीय विकास जिसी घाइतेको उपचारमा संलग्न र ट्रक चालक पर्वतको जलजला गाउँपालिका-७ धाइरिङका २८ वर्षीय नारायणप्रसाद शर्मा प्रहरीको सम्पर्कमा रहेको प्रहरीले जनाएको छ ।

# पश्चिमी न्यूनचापीय प्रणाली र स्थानीय वायुको प्रभाव

**काठमाडौं ।** पश्चिमी न्यून चापीय प्रणाली र स्थानीय वायुको प्रभावका कारण विकास भएको वर्षा गराउने प्रणाली अहिले पूर्वी नेपाल केन्द्रित भएको छ । जल तथा मौसम विज्ञान विभागले बुधबार बिहान पश्चिमबाट सक्रिय भएको प्रणाली साँझ पूर्व पुगेको अहिले उक्त प्रणाली बाहिरिने क्रममा रहेको छ । तर पूर्वका विभिन्न ठाउँमा अहिले पनि वर्षा भइरहेको छ । सो प्रणाली बिहीबार रातिदेखि बाहिरिने र प्रिमनसुनका गतिविधि भने कायम रहने समेत विभागको मौसम पूर्वानुमान महाशाखाले जनाएको हो ।

पछिल्लो २४ घण्टामा उक्त प्रणालीका कारण विभिन्न चार जिल्लामा भारी वर्षा गराएको तर वर्षा भने सातै प्रदेशमा भएको छ । सबैभन्दा बढी वर्षा सिन्धुलीमा भएको छ । अहिले साँझ ५ बजेको अभिलेख अनुसार २४ घण्टामा इलाममा ५३.२, झापामा ५४.८, सुनसरीमा झण्डै ४९ र सिन्धुलीमा ५९.४ मिलिमिटर वर्षा भएको छ । अहिले पनि पश्चिम क्षेत्रको रुकुममा र कास्कीमा हल्का वर्षा भइरहेको छ भने बागमतीका केही क्षेत्र तथा कोशी प्रदेशमा बढी वर्षा भइरहेको छ । पश्चिमबाट मध्यसम्म मौसम खुलिसकेको र रातिबाटै विस्तारै मौसम थप खुल्दै जाने तथा केही उच्च पहाडी र हिमाली भेगमा बदली रहने छ ।

विभागका सूचना अधिकारी दिनकर कायस्थले आज कोशी प्रदेशको पहाडी र हिमाली भू-भागमा साधारणतया बादल लाग्ने, बाँकी हिमाली तथा पहाडी भू-भागमा आंशिक बादल लाग्ने र तराईका भू-भागमा मौसम मूख्यतया सफा रहने बताए । उनका अनुसा कोशी प्रदेशको पहाडी तथा हिमाली भू-भाग तथा बाँकी हिमाली भू-भागका एक-दुई स्थानमा हल्का वर्षा/हिमपात एवं लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका थोरै स्थानमा हावाहुरीको सम्भावना रहेको छ ।

# माथिल्लो मुस्ताङ र मुक्तिनाथ क्षेत्रमा बाक्लो हिमपात

**काठमाडौं ।** यस वर्ष कात्तिक १० गते पहिलो हिमपात भएको मुस्ताङमा गत शनिबार रातिदेखि सुरु भएको भारी हिमपात सोमबारसम्मै जारी रह्यो । हिउँदयाम जारी रहँदा जिल्लाको माथिल्लो क्षेत्र र मुक्तिनाथ क्षेत्रमा भारी हिमपात भएको हो । मुस्ताङमा पछिल्लो पटक परेको हिमपातसँगै जारी यामको यो छैटौं पटक हिमपात भएको स्थानीयले बताए ।

माथिल्लो मुस्ताङ क्षेत्रका बस्ती र उच्च लेकमा शनिबार रातिदेखि भारी हिमपात भएको एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले जानकारी दिए । वारागुङ मुक्तिक्षेत्र-३ स्याङवचेदेखि कोरलानाकासम्मको क्षेत्रमा हिमपातले पूरै डाँडाकाँडा सेताम्मे भएका छन् । माथिल्लो मुस्ताङमा बस्ती क्षेत्रमा एक फिटसम्म हिउँ परेको पौडेलले जानकारी दिए । स्वाङवचेदेखि माथि घिलिङ, घमी, चराङ, लोमान्थाङ, ठिङ्गार, छोसेर, सम्जुङ, नामासुङ, भर्सा, यारा, घारा, ढी र सुर्खाङलगायत स्थानमा छैटौं पटक भारी हिमपात भएको उनले जनाए ।

हिमपातका कारण स्थानीय जनजीवन प्रभावित बनेको लोमान्थाङ गाउँपालिकाका कर्मचारी उदय तिमिल्सिनाले जानकारी दिए । 'शनिबार रातिदेखि परेको हिमपात अझै रोकिएको छैन, हिउँ पर्ने क्रम निरन्तर छ, अझै पनि हिउँ पर्ने क्रम साँझसम्म रहेमा दुई फिट बढी हिउँ जम्ने अवस्था छ' उनले भने ।

जारी यामको छैटौं पटकको हिमपातका कारण माथिल्लो मुस्ताङमा उच्च लेकका चरन क्षेत्र पूरै हिउँले ढाकिएर सेताम्मे बनेका छन् । हिमपातसँगै माथिल्लो मुस्ताङमा तापक्रम घट्दै गइरहेको छ । यसका कारण स्थानीय नागरिक तथा पशुपालन गर्ने किसानलाई हिउँले सास्ती पुऱ्याएको छ । माथिल्लो मुस्ताङमा बर्सेनि एक बाली खेती हुन्छ । त्यहाँका नागरिक हिउँदयामको जाडो छलेर गाउँ फर्किएपछि बर्खेबाली लगाउने प्रचलन छ । बर्खेखेती सुरु हुने बेला हिमपात भएकाले किसानलाई फाइदा पुग्ने बताइएको छ । वारागुङ मुक्तिनाथ क्षेत्रमा शनिबार राति हिमपात भएको छ । वारागुङ मुक्तिक्षेत्र-१ स्थित खिङ्गा, झारकोट, पुडाक, छेङ्गुर र मुक्तिनाथलगायत स्थानमा भारी हिमपात भएको मुक्तिनाथका स्थानीय कैसाङ ठोक्या ठकुरीले जानकारी दिए । हिमपातका कारण मुक्तिनाथ दर्शनार्थीलाई आंशिक रूपमा केही अप्ठ्यारो भए पनि हिमपातको सौन्दर्यताले पर्यटकमा उत्साह थपिएको उनले बताए ।

मुस्ताङ र मुक्तिनाथ क्षेत्रमा भारी हिमपात हुँदा मुस्ताङको जोमसोमदेखि तल्लो क्षेत्रमा भारी वर्षा भएको छ । घरपझोङका कृषि शाखा अधिकृत रोशन थकालीका अनुसार स्याउको फूल फुल्ने बेलामा भारी वर्षा भएकाले स्याउखेतीमा असर पुऱ्याएको बताए । 'स्याउ बोटमा फूल फुल्न थालिसकेको छ, स्याउका फूलमा परागसेचन हुने समय पनि हो' उनले भने 'यस्तो बेलामा हिमपात र वर्षा हुनु किसानका लागि राम्रो होइन ।' विगत तीन वर्षदेखि मुस्ताङमा लगातार हिउँ पर्न सकेको थिएन । यस सिजनमा छ पटकसम्म हिउँ पर्नु जलवायु परिवर्तनका असर पर्न थालेको छ ।

# असिनापानीले झापाको कृषि क्षेत्रमा अरबौंको क्षति

**काठमाडौं ।** फागुनको अन्तिम सातादेखि झापामा पटक-पटक आएको हावाहुरी र असिनासहितको वर्षाले खेतबारी उजाड बनाएको छ । हावाहुरी, असिना र वर्षाले मुख्य खाद्यान्न र नगदेबालीका रूपमा रहेको मकैदेखि तरकारी, फलफूल र माहुरीपालनसम्ममा असर परेको हो ।

जिल्ला कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टका अनुसार कृषि क्षेत्रमा फागुन अन्तिम सातादेखि चैत दोस्रो सातासम्मको अवधिमा मात्रै ३ अर्ब १९ करोड २९ लाख ८२ हजार बराबरको क्षति भएको छ । यसबाहेक १ अर्ब ७२ करोड ७३ लाख ७४ हजार ६ सय रूपैयाँ बराबरको बाली पूर्ण रूपमा नष्ट भएको छ । हावाहुरीका कारण झापाका १५ वटै पालिकामा मकैबालीमा सबैभन्दा ठूलो मारमा परेको बताइएको छ । हावाहुरीसँगै परेको असिनाले बालीनाली थिचिएपछि लगानी नै उठ्ने अवस्थामा नरहेको किसानले बताए ।

हावाहुरी, असिना र वर्षाले सबैभन्दा बढी बाह्रदशी गाउँपालिकामा लगाइएको मकैबालीमा परेको छ । बाह्रदशीको ७५ प्रतिशत मकैबाली नष्ट भएको छ । सात वडा रहेको पालिकामा ८४० हेक्टर क्षेत्रफलमा लगाइएको मकैबालीमा क्षति पुगेको प्रमुख विष्टले बताए । तरकारी बालीमा समेत क्षति पुगेको छ । विभिन्न वडामा साना क्षेत्रफल भए पनि तरकारी बाली नष्ट हुँदा दैनिक आम्दानीमा निर्भर किसान प्रत्यक्ष मारमा परेका छन् । फुल लागेको बालीमा असिनाबाट अत्यधिक क्षति पुगेको प्रमुख विष्टले बताए ।

# सहिद परिवारका थप आठ जनालाई प्राधिकरणले रोजगार दिने

**काठमाडौं ।** नेपाल विद्युत प्राधिकरणले 'जेन-जी' आन्दोलनका क्रममा सहिद भएका थप ८ परिवारका सदस्यलाई रोजगार दिने निर्णय गरेको छ । प्राधिकरण सञ्चालक समितिका अध्यक्ष एवं ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको अध्यक्षतामा बसेको सञ्चालक समिति बैठकले थप ८ सहिद परिवारलाई रोजगार दिने निर्णय गरेको हो ।

'जेन-जी' आन्दोलनका घाइते व्यक्तिलाई राहत उपलब्ध गराउनेसम्बन्धी कार्यविधि २०८२ को बुँदा नम्बर ११ र नेपाल राजपत्र (खण्ड ७५, अतिरिक्ताङ ३२, कात्तिक १७ गते, २०८२ साल) मा भएको व्यवस्थाअनुसार छुट भएका ८ जना सहिद परिवारका सदस्यलाई रोजगारी दिने निर्णय भएको मन्त्री श्रेष्ठको सचिवालयले जनाएको छ ।

यसअघि २७ जना सहिद परिवारका सदस्यलाई रोजगारी दिने प्रक्रिया अगाडि बढाइसकेको प्राधिकरणलले थप भएका ८ सहिद परिवारमध्ये रोजित श्रेष्ठ (काठमाडौं), अम्बिका विश्वकर्मा (उदयपुर), सुमित्रा महत (सिन्धुपाल्चोक), शीतल पौडेल (काठमाडौं), मौसम कुलुङ (संखुवासभा), पार्वती अधिकारी (सर्लाही), हेमन्ती विष्ट (बझाङ) र मञ्जु पौडेल (लमजुङ) रहेको उल्लेख छ ।

# मोरङसहित २३ क्षेत्रमा बर्डफ्लुको संक्रमण पुष्टि

**काठमाडौं ।** यस वर्ष पहिलो पटक चैत ६ गते मोरङ जिल्लामा देखिएको बर्डफ्लुको संक्रमण २३ स्थानमा फेला परेको छ । यस वर्ष चैत अगाडि कतै पनि बर्डफ्लु देखिएको थिएन ।

यस वर्ष पहिलोपटक चैत ६ गते मोरङ जिल्लाको सुन्दरहरैचा र उर्लाबारी नगरपालिकामा एकै साथ दुई स्थानमा बर्डफ्लु देखिएको थियो । अहिलेसम्म सुनसरीमा १२ स्थान, मोरङमा सात स्थान, झापा दुई ठाउँ, चितवनमा एक ठाउँ र काठमाडौंमा एक स्थानमा बर्डफ्लु रोग देखिएको छ । ती स्थानमा एक लाख चार हजार कुखुरा एवं हाँस नष्ट गरिएको छ । काठमाडौंको त्रिभुवन विश्वविद्यालय परिसरका कागमा बर्डफ्लु देखिएको थियो । सुनसरी, झापा र मोरङमा बर्डफ्लुको संक्रमण फैलिएपछि ती जिल्लामा पशुपक्षी ओसार-पसारमा प्रतिबन्ध लगाइएको छ ।

बर्डफ्लु देखिएको स्थानमा बर्डफ्लु क्षेत्र घोषणा गरेर आकस्मिक रोग अन्वेषण टोलीले ती पशुपक्षीलाई नष्ट गर्ने काम गरिएको छ । सरकारले बर्डफ्लु देखिएपछि हाँस, कुखुरा नष्ट गर्ने गर्दछ र सो बापत ७५ प्रतिशत क्षतिपूर्ति किसानलाई उपलब्ध गराउँदै आएको छ ।

## बादलको अभिव्यक्ति...

आक्रमकजस्तो लाग्ने तर यथार्थकै प्रतिबिम्बन हुने गरी अभिव्यक्ति दिएका बादलले बुधबार पोखरामा अयोजित कार्यकर्ता भेलालाई सम्बोधन गर्दै पार्टीको निर्णयलाई दृढतापूर्वक कार्यान्वयन गर्न आफूले संसदमा धारणा राखेको प्रष्ट्याएका थिए ।

बादलले संसदको पहिलो बैठकमा बोलेका विषयलाई लिएर उपाध्यक्ष विष्णु पौडेललगायत नेताले जनाएको आपत्तिप्रति लक्षित गर्दै दलनेता बादलले भने- 'को-को मान्छेहरू त्यो वक्तव्यबाट उत्तेजित भए । भित्र लुकेका थिए, बाहिर देखिए । पार्टीभित्रको दक्षिणपन्थी प्रवृत्ति एक्स्पोज भएको मात्र हो ।' थापाले थपे- 'पार्टीको उपाध्यक्षले सार्वजनिक रूपमा स्टाटस सार्वजनिक गरेर आपत्ति जनाउनुभयो, अन्तर्संघर्ष यसरी देखिएको हो ।' सरकारलाई 'सत्रु' को संज्ञा दिँदै कम्युनिस्ट आन्दोलन र लोकतान्त्रिक आन्दोलनका प्रमुख नेताहरूलाई सिध्याउने उनीहरूको लक्ष्य देखिएको भन्दै बादलले कडा विरोध जनाए ।

उपमहासचिव योगेशकुमार भट्टराई र नेता सुरेन्द्र पाण्डेले पनि सामाजिक सञ्जालमा स्टाटस लेखेरै थापाको आलोचना गरेका छन् । पाण्डेले माओवादी 'जनयुद्ध'को भाष्य एमालेको आधिकारिक भाष्य नभएको भनेका छन् । 'जनताको बहुदलीय जनवाद 'जबज' ले शान्तिपूर्ण प्रतिस्पर्धा, संवैधानिक सर्वोच्चता र जनताको मतलाई नै परिवर्तनको अन्तिम आधार मान्छ,' नेता पाण्डेले फेसबुकमा लेखेका छन्- 'संसदमा वा सार्वजनिक मञ्चमा व्यक्त हुने व्यक्तिगत भावनाहरूलाई पार्टी लाइन भनेर व्याख्या गर्दा त्यसले कार्यकर्तामा भ्रम र जनतामा अविश्वास मात्र पैदा गर्छ । त्यसमाथि यस्ता अतिवादी र उग्र दृष्टिकोणहरूले हाम्रो पार्टीलाई समयको गतिसँगै अगाडि लैजानुको साटो झन् पछाडि धकेल्नेछ ।'

अर्का उपमहासचिव योगेश भट्टराईले छोटो व्यंग्यात्मक शैलीको 'कविता?' लेख्दै पार्टीमा 'बादल मडारिएको' आरोप लगाएका छन् । 'बादल मडारियो, मुसलधारे वर्षा भयो; जबज निथ्रुक्कै भिज्यो, मदन (भण्डारी) तीनछक पर्नुभयो; हामी हेरेको हेर्‍यै भयौं'- योगेशले लेखेका छन् । अध्यक्ष ओली पक्राउ परेपछि कार्यवाहक अध्यक्षको जिम्मेवारी पाएका थापालगायतका नेता एकातर्फ र उपाध्यक्षद्वय पौडेल र उपाध्यक्ष गोकर्ण विष्ट तथा उपमहासचिव भट्टराई र नेता पाण्डेलगायत अर्कोतर्फ देखिएका छन् ।

ओली पक्राउ परेपछि सरकारविरुद्ध खरो उत्रिँदै आएका थापाको कार्यशैली उपाध्यक्ष पौडेललगायत कतिपय नेतालाई मन परेको छैन । यसै सिलसिलामा संसदको पहिलो बैठकमा थापाले राखेका भनाइप्रति उपाध्यक्ष पौडेललगायत नेताहरूले आपत्ति जनाएका हुन् । 'थापाको अभिव्यक्तिले पार्टीको गरिमा धान्न सक्दैन'- उपाध्यक्ष पौडेलनिकट नेता खिमलाल भट्टराईको आरोप छ ।

ओलीनिकट सचिव भानुभक्त ढकालले कार्यवाहक अध्यक्ष थापाको अभिव्यक्ति शैली अलि फरक भए पनि त्यो पार्टी र आन्दोलनको पक्षमा नै रहेको बताए । 'कार्यशैली आ-आफ्नो होला; कार्यवाहक अध्यक्षले बोल्नुभएका धारणा पार्टीकै हुन्,' ढकालले भने- 'संकटको बेला आफ्नै पार्टी र नेताहरूलाई गाली गर्नु एमालेकै नेताको दैनिकी जस्तो बनेको छ, आगामी बैठकमा यसबारे छलफल होला ।'

ओली पक्राउ परेपछि एमालेभित्र आन्तरिक कलह झन् बढ्न थालेको छ । फागुन २१ को कमजोर निर्वाचन परिणामसँगै पार्टी पुनर्गठनको मुद्दा चर्कंदै गएका बेला पार्टीका शीर्ष नेताहरू एकपछि अर्को गर्दै आरोप-प्रत्यारोपमा उत्रेका छन् । दलकाका हैसियतमा संसदको पहिलो बैठकमा दिएको बादलको अभिव्यक्तिलाई नै मुख्य विषयका रूपमा लिएर एमालेले आकस्मिक सचिवालय बैठक समेत बोलायो र बादलको अभिव्यक्ति 'सच्याइएको' बतायो । यद्यपि त्यही मुद्दामा आरोप-प्रत्यारोप गर्ने क्रम भने रोकिएको छैन ।

## पूर्वसभामुख महरा...

समयमा सट्टापट्टा तथा परिवर्तन गरी लिई जाने गरी हाल सुरक्षित राख्ने, जफत गर्ने निर्णय गरे-गराएको देखिएको' भनेको छ । यसरी जफत भएको सामानलाई गोदाममा बन्द गरी सुरक्षित राख्नुपर्नेमा लामो समयसम्म दूषित मनशायले प्रमुख भन्सार अधिकृत मुक्तिप्रसाद श्रेष्ठको कार्यकक्षमा राखेको र प्रतिवादीसँग अस्वाभाविक भेटघाट गरेको समेत आरोप छ ।

पूर्वसभामुख महरासँगै उनका छोरा राहुल, निर्मलकुमार विक, लोकेन्द्रकुमार पौडेल, दिपेश बस्नेत, गोपाल सुवेदी, दिनेश बस्नेत, बेदप्रकाश अग्रवाल, रामकेशव थापा क्षेत्री, अमृत कार्की, निमा गुरूङ, प्रेरणा थापा, ललिता थापा, दिपिका थापा, चिनियाँ नागरिक लि हाङ सङ र दाओजिङ वाङ, बेल्जियन नागरिक दावा छिरिङ, भारतीय नागरिक साहेब राव पाण्डुरङ मरगाविरूद्ध मुद्दा दायर भएको छ । यस्तै, डेक्स्टर ट्राभल्स एन्ड टुर प्रालिविरुद्ध समेत मुद्दा दायर भएको छ । महराविरुद्ध यसअघि असोज २७ मा जिल्ला अदालत काठमाडौंमा पनि मुद्दा दर्ता भएको थियो । उनलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाए पनि उच्च अदालत पाटनले मंसिर ११ मा २० लाख धरौटीमा छाड्न आदेश दिएको थियो ।

२०७९ पुस १० मा फ्लाई दुबईबाट आएका चिनियाँ नागरिक ली हानसङले लगेजमा ठूलो संख्यामा भेषमा लुकाएर ल्याएको ९ किलो सुन विमानस्थलकै भन्सारबाट चोरी भएपछि मात्र सुन तस्करीबारे खुलेको भन्दै प्रचार गरिएको छ । सीआईबीले महरालाई २०८० चैत ५ मा कपिलवस्तुबाट पक्राउ गरे पनि त्यसबेला मुद्दा चलाइएको थिइन । त्यतिबेला सुन प्रकरणमा बयान पूरा भएपछि सीआईबीको सिफारिसमा पाँचवटा आधार लिएर काठमाडौं जिल्ला सरकारी वकिल कार्यालयका तत्कालीन जिल्ला न्यायाधिवक्ता खडिन्द्रराज कटुवालले उनलाई छाड्न सहमति दिएका थिए । हाजिर जमानीमा रहँदा प्रहरीले भनेको समयमा हाजिर भइरहेका महरालाई १८ महिनापछि सरकार परिवर्तन भएसँगै पुनः पक्राउ गरिएको थियो ।

# मुलुकभर वर्षा, मुस्ताङमा सातौं पटक हिमपात

**काठमाडौं ।** नेपालमा पश्चिमी न्यून चापीय प्रणाली र स्थानीय वायुको प्रभावका कारण मुलुकभरका सातै प्रदेशमा बदली भई बुधबार ती प्रदेशका विभिन्न जिल्लामा वर्षासहित कतिपय उच्चपहाडी तथा हिमाली जिल्लामा हिमपात समेत भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार बुधबार बिहान पश्चिम नेपालबाट सुरु भएको वर्षा पूर्वी नेपालसम्म फैलिएको हो ।

वर्षाका र उच्च पहाडी तथा हिमाली क्षेत्रमा भएको हिमपातका कारण बढेको चिसोले जनजीवन प्रभावित बनेको छ । विभागमा बुधबार साँझ प्राप्त अभिलेखअनुसार केही जिल्लामा भारी वर्षा भएको छ । बुधबार साँझ पौने ७ बजेको मापनअनुसार पछिल्लो १२ घण्टामा सबैभन्दा बढी वर्षा डडेलधुरामा ४६.६ मिलिमिटर र डोटीमा ४२.२ मिलिमिटर भारीउन्मुख वर्षा भएको हो । त्यही अवधिमा काठमाडौंमा १३, ललितपुरमा १२ र भक्तपुरमा ८ मिलिमिटर वर्षा भएको छ ।

यस्तै पछिल्लो ३ घण्टामा डडेलधुरामा ३० मिलिमिटर, धनकुटामा १५ मिलिमिटर, सुर्खेतमा १९, डोटीमा १३, गोरखामा ११ मिलिमिटर वर्षा भएको छ । सातै प्रदेशका धेरै जिल्लामा बुधबारदेखि वर्षा जारी रहेको जानकारी दिँदै विभागका सूचना अधिकारी दिनकर कायस्थले बदली बिहीबार समेत कायम रहने र ठाउँ-ठाउँमा वर्षा हुनेछ ।

विभागले बिहीबार रातिदेखि भने बदली कमजोर हुँदै जाने बताएको छ । बिहीबार कोशी प्रदेशलगायत देशको पहाडी र हिमाली भू-भागमा साधारणतया बादल लाग्ने तथा बाँकी भू-भागमा आंशिक बादल लाग्ने र कोशी प्रदेशलगायत देशका पहाडी तथा हिमाली भू-भागका केही स्थानहरूमा तथा मधेश प्रदेशका थोरै स्थानहरूमा मेघगर्जन/चट्याङसहित मध्यम वर्षा र हिमपातको सम्भावना रहेको छ ।

पश्चिमी न्यूनचापीय प्रणाली र स्थानीय वायुको प्रभावका कारण मौसम बदली भई पश्चिम नेपालबाट वर्षा सुरु भएको हो । जल तथा मौसम विज्ञान विभागका अनुसार बुधबार गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा पूर्णतया बादल लागेको छ भने बाँकी भूभागमा साधारणतया बादल लागेको छ । अहिले बागमती, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षा भइरहेको विभागले जनाएको छ ।

विभागका मौसमविद रोजन लामिछानेले वर्षा दिउँसो बढ्ने र कुनै-कुनै ठाउँमा भारीसम्म वर्षा र हिमपात हुने जानकारी दिए । बुधबार बिहान १० बजे विभागमा प्राप्त वर्षा मापनअनुसार पछिल्लो तीन घण्टामा चितवनदेखि पश्चिम ६० भन्दा बढी केन्द्रहरूमा वर्षा भएको छ । विभागका अनुसार अछाममा ८.६, सुर्खेतमा ७.६, डडेलधुरामा ५.२, रोल्पामा ८.२, प्युठानमा ५.२, चितवनमा ४.२ मिलीमिटर वर्षा भइसकेको छ ।

यस्तै कालीकोट, डोटी, रुकुम, रोल्पा, म्याग्दी बागलुङ, दाङ, अर्घाखाँचीलगायतका जिल्लामा पनि हल्का वर्षा भएको छ । वर्षा पूर्वतर्फ सर्ने क्रममा रहेको जनाइएको छ । विभागका अनुसार बुधबार दिउँसो गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा पूर्णतया बादल लाग्ने तथा बाँकी भूभागमा साधारणतया बादल लागेको छ ।

दिउँसो गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानहरूमा तथा कोशी र बागमती प्रदेशको पहाडी र हिमाली भूभागका केही स्थानमा, मधेस प्रदेशलगायत कोशी र बागमती प्रदेशको तराई भूभागका थोरै स्थानमा मेघगर्जन/चट्याङ, हुरीबतास र असिनासहित मध्यम वर्षा र हिमपातको सम्भावना छ ।

यस्तै गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी र हिमाली भूभागको एकदुई स्थानमा भारी वर्षा र हिमपातको सम्भावना रहेको छ ।

यस वर्ष मुस्ताङमा सातौं पटक हिमपात भएको छ । बुधबार दिउँसो ११ बजेदेखि बारागुङ मुक्तिक्षेत्र र उपल्लो मुस्ताङमा हिमपात भएको हो । गत शनिबार र सोमबार पनि मुस्ताङमा भारी हिमपात भएको थियो । गत कात्तिक १० गते पहिलो पटक हिमपात भएकामा जारी सिजनको चैत महिना सकिन लाग्दा मुस्ताङमा पटक-पटक हिमपात र वर्षा हुने क्रम रोकिएको छैन ।

यस वर्ष गर्मीयाम सुरु भइसक्दा समेत हिमपात हुनेक्रम नरोकिँदा मुक्तिनाथ मन्दिरको दर्शन र उपल्लो मुस्ताङ घुम्न जाने पर्यटकको यात्रा कष्टकर बनेको छ । गर्मीयाम लाग्ने बेलामा समेत हिमपात हुँदा तीर्थयात्रीको आवागमनमा कठिनाइ भइरहेको बारागुङ मुक्तिक्षेत्र- १ का वडाध्यक्ष प्रमेश गुरुङले बताए । हिमपात भए पनि जमिन तातिएकाले पग्लिएर सडक हिलाम्मे भएको छ ।

उपल्लो मुस्ताङमा हिमपातका कारण चिसो बढेपछि स्थानीयवासीको दैनिकीमा असर परेको छ । हिमपात भएपछि स्थानीय घरबाहिर निस्कन सकेका छैनन् भने पशुचौपायालाई आहारा व्यवस्थापन तथा चरनक्षेत्रमा लैजान समस्या भएको छ ।

उता हुम्लाको माथिल्लो भेगमा समेत बुधबार बिहानदेखि हिमपात सुरु भएको छ । उत्तरी नाम्खा गाउँपालिकाको यारी, हिल्सा, लिमी, न्यालु, चालालगायत क्षेत्रमा हिमपात भइरहेको नाम्खा-६ लिमीका वडाध्यक्ष पाल्जोर तामाङले जानकारी दिए । वडाध्यक्ष तामाङका अनुसार उच्च भेगमा हिमपात भइरहेको छ भने होचो भेगमा वर्षा भइरहेको छ ।

जिल्लाको दक्षिणी भेगमा वर्षा भइरहेको छ भने सदरमुकाम सिमकोटमा हिमपात हुँदा चिसो अत्यधिक बढेको छ । चिसोले सरकारी तथा गैरसरकारी कार्यालयमा कर्मचारीलाई काम गर्न असहज भएको छ । गाउँघरमा पानी पर्दा किसान खुसी भएका छन् । यतिबेला परेको पानीले कृषकलाई राहत मिल्ने भन्दै उनीहरू खुसी भएका छन् ।

## पिनासका लक्षणहरू

- नाक बन्द हुनु, नाकबाट श्वास फेर्न गाह्रो हुनु र टाउको दुख्नु,
- आँखाको अगाडि र तलको भाग दुख्नु,
- नाकको छेउछाउ र अनुहार छोएपछि दुख्नु,
- बिहानको समयमा टाउको बढी दुख्नु,
- सुँघ्ने शक्ति कमजोर हुनु,
- नाकबाट बाक्लो, पहेंलो सिँगान बग्नु,
- थकान महसुस हुनु, टाउको भारी र शरीर आलश्य हुनु आदि ।

लक्षण देखिएमा नजिकको स्वास्थ्य चौकीमा जाँच गराऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

प्रकाशकः कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]

कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं